व्यापारिक श्रृंखलाको लागि बौद्धिक सम्पत्ति | अंक : १

# चिन्ह निर्माण

## साना तथा मझौला उद्योगका लागि व्यापार चिन्ह (ट्रेडमार्क) को परिचय

विश्व बौद्धिक सम्पत्ति संगठन

**व्यापारका लागि बौद्धिक सम्पत्ति श्रृंखलाका प्रकाशनहरूः–**

१. चिन्ह निर्माण : साना तथा मझौला उद्योगका लागि व्यापार चिन्ह ट्रेडमार्कको परिचय । विपो (WIPO) को प्रकाशन नम्बर ९००

२. उपयुक्त देखिनु : साना तथा मझौला उद्योगका लागि औद्योगिक डिजायनको परिचय । विपो (WIPO) को प्रकाशन नम्बर ४९८ ।

३. भविष्यको आविष्कार : साना तथा मझौला उद्योगका लागि पेटेन्ट । विपो (WIPO) को प्रकाशन नम्बर ९१७ ।

४. रचनात्मक अभिव्यक्ति : साना तथा मझौला उद्योगका लागि प्रकाशन सम्बन्धी सर्वाधिकारको परिचय । विपो (WIPO) को प्रकाशन नम्बर ९१८ (आगामी प्रकाशन)

उल्लेखित सम्पूर्ण प्रकाशनहरू WIPO विद्युतीय पुस्तक पसलको www.wipo.int/ebookshop मा प्राप्त गर्न सकिनेछ ।

यस निर्देशिकामा संलग्न सूचनाहरू व्यावसायिक कानूनी परामर्शको लागि नभई सम्बन्धित विषयवस्तु माथि आधारभूत सूचना उपलब्ध गराउनु हो ।

**प्रकाशन सम्बन्धी सर्वाधिकार**

कानूनले अनुमति दिएकोमा बाहेक यस प्रकाशनको कुनै पनि भाग सर्वाधिकार धनीको लिखित अनुमतिबिना कुनै पनि तरिकाले चाहे विद्युतीय होस् वा यान्त्रीक तवरले पुनरूत्पादन वा संचारण गर्न पाइने छैन ।

www.wipo.int/sme/

# भूमिका

यो निर्देशिका "व्यापारका लागि बौद्धिक सम्पत्ति" श्रृंखलाको पहिलो प्रकाशन हो । यो निर्देशिका व्यापार चिन्ह (ट्रेडमार्क) मा समर्पित छ जुन कुनै पनि कम्पनीको बजारीकरण र व्यावसायिक रणनीतिको केन्द्रीय तत्व हो ।

यो निर्देशिकाले व्यापारिक अवधारणाको दृष्टिकोणले व्यापार चिन्ह (ट्रेडमार्क) को बारेमा व्याख्या गर्ने प्रयास गरेको छ । यसको पहुँच व्यावहारिक छ र पाठकहरूको बुझाईलाई सहज बनाउन यसमा दिइएको व्याख्यालाई उदाहरण र चित्रात्मक शैलीमा प्रस्तुत गरिएको छ । साना तथा मझौला उद्योग संचालकलाई यो निर्देशिका प्रयोग गर्न उत्साहित गरिएको छ किनभने यसको सहायताले उनीहरूले आफ्नो व्यापार चिन्ह रणनीतिहरूलाई एकीकृत गरी सम्पूर्ण व्यापार रणनीतिलाई प्रभाव पार्न सक्छन् । विश्वव्यापी रूपमै साना तथा मझौला उद्योगकर्मीहरूको आवश्यकतालाई सही ढंगले परिपूर्ति गर्न सकियोस् भन्ने उद्देश्यले WIPO ले पाठकहरूबाट प्राप्त सुझाव र पृष्ठपोषणलाई स्वागत गर्दछ ।

यो निर्देशिका राष्ट्रिय संस्था तथा स्थानीय साझेदारको सर-सल्लाह र सहयोगमा अझ विकसित गर्न सकिन्छ । यसर्थ WIPO मा सम्पर्क राख्न अनुरोध गर्दछौं ।

कमिल इद्रीस
महानिर्देशक (WIPO)

# विषयसूची


पेज

१. व्यापार चिन्ह (ट्रेडमार्क) ३

२. व्यापार चिन्हको संरक्षण ६

३. व्यापार चिन्हका प्रकारहरू १५

४. व्यापार चिन्हको प्रयोग १७

५. व्यापार चिन्हको कार्यान्वयन २१

## १. व्यापार चिन्ह (ट्रेडमार्क)

**व्यापार चिन्ह (ट्रेडमार्क) भनेको के हो ?**

व्यापार चिन्ह यस्तो चिन्ह हो जसले एउटा प्रतिष्ठानले उत्पादन गरेको वस्तु वा सेवालाई अर्को प्रतिष्ठानले उत्पादन गरेको वस्तु वा सेवाबाट अलग्याउँदछ ।

टङ्कारो रूपमा प्रयोग हुने भिन्न शब्दहरू, अक्षरहरू, संख्यात्मक नम्बरहरू, चित्रहरू, तस्वीरहरू, आकार, आकृति, ढाँचा, रंग, चिन्ह विशेष, लेवल तथा सम्मिश्रणहरूलाई व्यापार चिन्ह भन्न सकिन्छ । केही देशहरूमा विज्ञापनका नाराहरूलाई पनि व्यापार चिन्हको रूपमा लिने गरिन्छ तथा यसलाई राष्ट्रिय व्यापार चिन्हको जस्तै कार्यालयमा दर्ता पनि गर्ने गरिन्छ । धेरै देशहरूले व्यापार चिन्हका न्यून परम्परागत ढाँचाहरू एउटै मात्र रंग, त्रि–आयमिक चिन्हहरू (प्याकिङ्ग र उत्पादनका आकृतिहरू), सुन्न सकिने चिन्हहरू (आवाज) अथवा सुघ्न सकिने (गन्ध) हरूलाई पनि दर्ता गर्ने गरेको पाइन्छ । तथापि धेरै देशहरूले केलाई व्यापार चिन्हको रूपमा दर्ता गर्न सकिन्छ भन्ने सीमा तथा मापदण्ड तय गरेका छन् । स्पष्टसँग बुझ्न तथा देख्न सकिने र चित्रात्मक चिन्हहरू जसलाई प्रतिनिधित्व गर्न सकिन्छ, त्यसलाई व्यापार चिन्हका रूपमा दर्ता गर्ने गर्दछन् ।

**केही उदाहरणहरु**

**शब्दः**

YAHOO!

सौजन्य : *Yahoo!*

**लोगो टाइपः**

पेनगुइन पुस्तक लिमिटेडको स्वीकृतिमा पुनः प्रकाशन गरिएको

**अक्षरसहितको लोगोटाइपको सम्मिश्रण**

WWF

*© 1986 WWF: World Wide Fund for Nature (Formerly World Wildlife Fund)*
*®WWF Registered Trademark Owner*

**त्रि-आयामिक चिन्ह (उत्पादनको आकृति)**




टबलरोन क्राफ्ट फुड ग्रुप फ १९८६ द्वारा दर्ता गरिएको व्यापार चिन्ह हो ।

## व्यापार चिन्ह के–का लागि ?

व्यापार चिन्हको मुख्य काम भनेको उपभोक्ताहरूलाई कुनै खास कम्पनीद्वारा उत्पादन गरिएको (चाहे त्यो वस्तु होस् वा सेवा) को पहिचान गराउन सक्नु हो ताकि तिनीहरूले अन्य कम्पनीद्वारा त्यस्तै प्रकारका अथवा हुबहु उत्पादित वस्तु वा सेवालाई छुट्ट्याउन सकियोस् । उपभोक्ता कुनै वस्तुबाट सन्तुष्ट भएमा भविष्यमा पनि त्यही वस्तु वा सेवाको प्रयोग गर्न सक्ने सम्भावना रहेको हुनाले एउटै प्रकृतिको वस्तुलाई छुट्ट्याउन सक्ने सक्षमता हुनु जरूरी छ ।

प्रतिस्पर्धाबाट आफू र आफ्नो उत्पादनलाई मित्र तुल्याउनको लागि व्यापार चिन्हले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । व्यापार चिन्हले कम्पनीको बजार तथा व्यापारिक रणनीतिमा सहयोग गर्नुको साथै उपभोक्ताको नजरमा कम्पनीद्वारा उत्पादन गरेको वस्तुको साख र छविलाई पनि स्थापित गर्दछ । कम्पनीको साख र छविले विश्वास सृजना गर्दछ । जसले कम्पनीको विश्वास मात्र नभई ग्राहकसम्मको सम्बन्धलाई समृद्ध बनाउँछ । उपभोक्ताहरूले कुनै निश्चित व्यापार चिन्हप्रति भावनात्मक लगाव राख्दछन् । जुन निश्चित गुणस्तर वा आकर्षणहरूमा आधारित हुन्छन् ।

व्यापार चिन्हले कम्पनीलाई आफ्नो गुणस्तर कायम राख्न वा त्यसलाई सुधार गर्न प्रोत्साहित गर्दछ ताकि त्यस कम्पनीद्वारा उत्पादित वस्तु र सो वस्तुमा प्रयोग गरिएको व्यापार चिन्हले सकारात्मक असर मिलोस् ।

## व्यापार चिन्हको महत्व

सावधानीपूर्वक छनौट गरिएको र हुर्काइएको व्यापार चिन्ह धेरै जसो कम्पनीको लागि मूल्यवान् व्यापारिक सम्पत्ति मानिन्छ । केहीका लागि त्यो आफूसित भएको सम्पत्ति मध्ये सबैभन्दा मूल्यवान् सम्पत्ति हुन सक्दछ । विश्व प्रसिद्ध व्यापार चिन्ह जस्तै कोकाकोला वा आइवीएमको अनुमानित मूल्य ५० अरब डलरभन्दा बढी रहेको पाइन्छ । उपभोक्ताहरूले व्यापार चिन्हको साख, छवि र त्यसको गुणस्तरलाई बढावा दिनुको साथै आफ्नो अपेक्षालाई परिपूर्ति गर्नको लागि त्यस्तो उत्पादनको लागि बढी मूल्य तिर्ने गरेको हुनाले त्यस्तो भएको हो । त्यस कारण राम्रो छवि र साख भएका व्यापार चिन्ह माथिको स्वामित्वले कम्पनीलाई प्रतिस्पर्धात्मक बनाउन मद्दत गर्दछ ।

सौजन्य : *IBM Deutschland GmbH*

## तपाईंको कम्पनीले व्यापार चिन्हको सुरक्षा किन गर्नु पर्छ ?

प्रायः धेरै जसो व्यापारीहरूले आफ्नो प्रतिस्पर्धीहरूले उत्पादन गरेको वस्तुबाट भिन्न देखाउन व्यापार चिन्हको प्रयोगको महत्व बुझेका भए तापनि दर्ताद्वारा त्यसको सुरक्षा गर्न सकिने महत्वको बारेमा जानकार छैनन् ।

प्रचलित व्यापार चिन्ह ऐन अन्तर्गत विधिवत् दर्ता भएमा तपाईको कम्पनीलाई त्यस्तो कार्यकारी अधिकार प्राप्त हुन्छ । जस अनुसार तपाईको कम्पनीले तपाईको कम्पनीद्वारा उत्पादित वस्तुसित हुबहु मिल्ने वा त्यस्तै चिन्ह प्रयोग हुने वस्तुको बिक्री वितरणमा रोक लगाउन सक्दछ ।

व्यापार चिन्हको दर्ता बिना तपाईले बजारमा लगानी गर्न खोज्नु भएको कुनै वस्तु खेर जान सक्छ । किनकि तपाईको प्रतिद्वन्द्वी कम्पनीले हुबहु वा झुक्याउने खालका व्यापार चिन्ह प्रयोग गर्न सक्दछ । यदि कुनै एक प्रतिस्पर्धीले त्यस्तै वा हुबहु व्यापार चिन्ह प्रयोग गरेमा, उपभोक्ता झुक्यानमा परी तपाईको कम्पनीको सामान भनी प्रतिस्पर्धीले उत्पादन गरेको सामान खरिद गरेमा यसले तपाईको कम्पनीलाई हुने नाफामा ह्रास मात्र ल्याउँदैन, यसले तपाईको ग्राहकलाई पनि द्विविधामा पार्दछ र यदि तपाईको प्रतिद्वन्द्वी कम्पनीको उत्पादित वस्तु निम्न प्रकृतिको छ भने यसले तपाईको कम्पनीको प्रतिष्ठा र साखमा पनि आँच आउन सक्दछ ।

व्यापार चिन्ह यति महत्वपूर्ण छ कि यसले बजारमा तपाईको कम्पनीद्वारा उत्पादिन वस्तुको सफलतालाई निर्धारण गर्दछ । त्यस कारण व्यापार चिन्ह सम्बन्धित निकायमा दर्ता हुन जरूरी छ ।

यसको अलावा दर्ता भएको व्यापार चिन्ह अरू कम्पनीलाई प्रयोग गर्न दिन सजिलो हुन्छ जसले तपाईको कम्पनीलाई आम्दानीको अतिरिक्त स्रोत उपलब्ध गराउँदछ वा यसैको आधारमा व्यापारिक सम्झौता पनि हुन सक्दछ ।

कहिलेकाहिँ उपभोक्ताहरूबीच एउटा ख्याति प्राप्त व्यापार चिन्हले आर्थिक संस्थाहरूबाट कोष प्राप्त पनि गर्न सक्दछ किनभने यस्तो संस्थाहरूले व्यापारिक सफलताको लागि त्यस्तो व्यापार चिन्हको महत्व बुझेका हुन्छन् ।

### व्यापार चिन्हहरू

- उपभोक्ताहरूलाई विभिन्न वस्तुहरूको पहिचान गर्न सुनिश्चित गर्दछ ।
- कम्पनीहरूलाई आफुद्वारा उत्पादित वस्तु छुट्ट्याउन सक्षम बनाउँछ ।
- बजारीकरणका माध्यम/साधन हुन र कम्पनीको ख्याति र छविको लागि आधारभू स्तम्भ हुन सक्छ ।
- अन्यलाई प्रयोग गर्न दिई रोयल्टीको माध्यमद्वारा प्रत्यक्ष स्रोत उपलब्ध हुन सक्छ । महत्वपूर्ण व्यापारिक सम्पत्ति हनु सक्दछ ।
- मूल्यवान् व्यावसायिक सम्पत्ति हुन सक्दछ ।
- उत्पादनको गुणस्तरलाई कायम राख्न वा वृद्धि गर्न प्रोसाहित गर्दछ ।
- आर्थिक सहयोग प्राप्त गर्न सहयोग गर्दछ ।

# २. व्यापार चिन्हको संरक्षण

## तपाईको कम्पनीले व्यापार चिन्हको संरक्षण कसरी गर्न सक्दछ ?

व्यापार चिन्हको संरक्षण दर्ताद्वारा वा कुनै देशमा त्यसको प्रयोगद्वारा गर्न सकिन्छ । व्यापार चिन्ह त्यसको प्रयोगद्वारा संरक्षण गर्न सकिएता पनि व्यापार चिन्हलाई राष्ट्रिय व्यापार चिन्हको कार्यालयमा गई विधिवत् रूपमा दर्ता गर्नु आवश्यक हुन्छ (कुनै व्यापार चिन्हका कार्यालयहरूमा विद्युतीय दर्ता फारामहरू उपलब्ध छन्) । व्यापार चिन्ह दर्ता गरेमा अझ बढी संरक्षण प्राप्त हुन्छ । खास गरेर कुनै हुबहु वा द्विविधायुक्त व्यापार चिन्ह भएको अवस्थामा यसरी रहेको व्यापार चिन्हले अझ बढी संरक्षण प्रदान गर्दछ । व्यापार चिन्ह दर्ता गर्ने कार्यमा त्यस्तो सेवा (कतिपय अवस्थामा बाध्यात्मक पनि हुन्छ) प्रदान गर्ने एजेन्टहरूको सेवा लिएमा उपयोगी हुन्छ ।

## के व्यापारिक नाम दर्ता गर्दैमा तपाईको कम्पनीको लागि पर्याप्त हुन्छ ?

धेरै जस्तो व्यक्तिहरूले आफ्नो व्यापार र व्यापारिक नाम दर्ता गर्दैमा आफ्नो व्यापार चिन्ह स्वतः सुरक्षित हुन्छ भन्ने विश्वास गर्ने गर्दछन् । यो एउटा सामान्य भ्रम हो । व्यापारिक नाम र व्यापार चिन्ह बीचको भिन्नता बुझ्नु जरूरी छ ।

व्यापारिक नाम तपाईंको व्यापारको पूरा नाम हो उदाहरणार्थ "ब्याल्कमार्क इन्टरनेशनल लिमिटेड" नामले तपाईको कम्पनीको पहिचान गराउँदछ । यो प्राय लि., इन्क वा अरू त्यस्तै शब्दमा टुंगिन्छ । जसले कम्पनीको कानूनी चरित्रलाई चिनाउँदछ ।

व्यापार चिन्ह चाहिँ एउटा यस्तो चिन्ह हो जसले तपाईको कम्पनीको उत्पादनहरूलाई पृथक विशिष्टता देखाउँछ । एउटा कम्पनीको विभिन्न व्यापार चिन्ह हुन सक्दछ । उदाहरणार्थ ब्याल्कमार्क इन्टरनेशनल लिमिटेडले आफ्नो एउटा उत्पादन ब्याल्कमार्क र अर्को रेडमार्क भनेर बिक्री गर्न सक्दछ । कम्पनीहरूले आफ्नो सम्पूर्ण उत्पादन वा कुनै-कुनै खास किसिमको उत्पादनलाई चिनाउन कुनै खास किसिमको व्यापार चिन्ह प्रयोग गर्ने गर्दछन् । कुनै कम्पनीहरूले आफ्नो व्यापारिक नाम वा त्यसको केही अंश व्यापार चिन्हको रूपमा प्रयोग गर्ने गर्दछन् । त्यस अवस्थामा तिनीहरूले त्यसलाई व्यापार चिन्हको रूपमा दर्ता गराउनु पर्दछ ।

## व्यापार चिन्ह दर्ताका लागि आवेदन दिन को आधिकारिक हुन्छ?

सामान्यतया व्यापार चिन्ह प्रयोग गर्न चाहने कुनै पनि व्यक्ति वा कुनै तेस्रो पक्षबाट प्रयोगमा ल्याउन चाहनेले दर्ताको लागि आवेदन दिन सक्दछ । यो व्यक्ति वा कानूनी निकाय जो पनि हुन सक्दछ ।

## कम्पनीको व्यापार चिन्ह दर्ता गराउनु के अनिवार्य छ?

यो अनिवार्य नभए तापनि व्यापार चिन्हको अनधिकृत प्रयोगलाई रोक्नको निम्ति दर्ता गराउनु अति उपयुक्त देखिन्छ ।

## आवेदन अस्वीकृत हुनुका मुख्य कारण के-के हुन् ?

व्यापार चिन्ह छनौट गर्दा कस्ता खालका चिन्हहरू दर्ताको लागि स्वीकार्य हुँदैनन् भन्ने बारेमा जानकारी रहेमा त्यो सहयोगी हुन्छ । व्यापार चिन्हको लागि दर्ता भएका आवेदनहरू प्रायःजसो पर्याप्त आधारमा अस्वीकृत हुने गर्दछन् । जस्तै :

- **साधारण शब्दावली** : उदाहरणार्थ यदि तपाईको कम्पनीले कुर्सी बेच्ने उद्देश्यले कुर्सी भन्ने व्यापार चिन्ह दर्ता गर्न चाहेमा त्यो अस्वीकृत हुनेछ किनकी कुर्सी उत्पादनको साधारण शब्दावली हो ।

- **विवरणात्मक शब्दावली** : यी शब्दावलीहरू प्रायःजसो व्यापारको सिलसिलामा कुनै उत्पादित वस्तुको विवरण गर्नु पर्दा प्रयोग गरिने शब्दावलीहरू हुन् । उदाहरणार्थ चकलेटको बजारीकरणको लागि गुलियो भन्ने चिन्ह विवरणात्मक भएको कारणले अस्वीकृत हुन सक्दछ । वास्तवमा, कुनै पनि चकलेट उत्पादककर्तालाई आफ्नो उत्पादनको बजारीकरणको लागि गुलियो भन्ने शब्दावली माथि एकाधिकार दिनु अन्यायपूर्ण हुन जान्छ । त्यसैगरी गुणस्तरीय वा उत्ताउलो शब्दावली जस्तै द्रुत, उत्तम, परम्परागत तथा नविनता यदि कुनै अन्य विशिष्ट चिन्ह जस्ता शब्दावलीले विरोध सृजना गर्न सक्दछ । यस्तो अवस्थामा त्यस्तो चिन्हको कुनै पनि अंश माथि एकाधिकार कायम गर्न खोजिएको छैन भन्ने एउटा अनिच्छापत्र राख्नु जरुरी छ ।

- **भ्रमात्मक व्यापार चिन्हः** यी यस्ता व्यापार चिन्हहरू हुन् जसले उपभोक्तालाई उत्पादित वस्तुको प्रकृति, गुणस्तर वा भौगोलिक उत्पत्तिको बारेमा गुमराह पारिरहेका हुन्छन् । उदाहरणार्थ गाईको व्यापार चिन्ह लगाई बजारीकरण गर्न खोजे त्यो सायद अस्वीकृत हुन सक्दछ । किनकी यसले उपभोक्तालाई गुमराहमा पार्न सक्दछ ।

- सामाजिक मर्यादा वा नैतिकता विरूद्धको चिन्हहरूः यस्ता शब्द तथा चिन्हहरू जसले नैतिकताको मूल्य र मान्यता र धर्मलाई उल्लंघन गर्ने खालका छन् भने त्यस्तो चिन्हहरू सामान्यतया दर्ता गरिंदैन ।

- राज्य तथा अन्तर्राष्ट्रिय संगठनहरूका झण्डा, अस्त्र अंकित पहिचान, छाप र प्रतिक चिन्हहरू, जुन WIPO को अन्तर्राष्ट्रिय कार्यालयमा सुसूचित भएका छन् त्यस्तो चिन्हहरू दर्ता हुदैनन् ।

यदि कुनै व्यापार चिन्ह पूर्व स्वीकृत व्यापार चिन्हको अधिकारसित विरोधाभासी रहन्छ भने सोही आधारमा त्यस्तो आवेदनहरू अस्वीकृत हुने गर्दछन् । एउटै प्रकारको उत्पादनको लागि हुबहु वा त्यससित मिल्दोजुल्दो व्यापार चिन्ह छ भने त्यसले उपभोक्तालाई द्विविधामा पार्न सक्छ । केही व्यापार चिन्ह प्रदान गर्ने कार्यालयहरूले व्यापार चिन्ह दर्ता गर्ने प्रक्रियामा भइरहेको चिन्ह साथै दर्ता नभएका प्रतिष्ठित चिन्हहरूलाई साथमा राखी दर्ता प्रक्रियामा नै दर्ता पश्चात कुनै प्रकारको विरोध नआओस् भनी परीक्षण गर्ने गर्दछन् भने केहीले तेस्रो पक्षबाट त्यस्तो व्यापार चिन्हको प्रकाशन पश्चात् दाबी विरोध दिएको अवस्थामा मात्र परीक्षण गर्ने गर्दछन् । यदि कुनै व्यापार चिन्ह कुनै विद्यमान व्यापार चिन्ह वा वस्तुसित मेल खान्छ वा भुक्याउने प्रकारको छ भने त्यस्तो चिन्ह रद्द वा अस्वीकृत हुन्छ । द्विविधायुक्त वा हुबहु किसिमको व्यापार चिन्ह प्रयोग नगर्नु नै बुद्धिमत्तापूर्ण हुन्छ ।

## व्यापार चिन्हको छनौट गर्दा वा निर्माण गर्दा के कुरामा विचार पुऱ्याउनु पर्ने हुन्छ ?

व्यापार चिन्ह तपाईंको व्यवसायको बजारीकरण रणनीतिको महत्वपूर्ण तत्व भएको हुनाले व्यापार चिन्हको छनौट वा निर्माण एउटा संवेदनशील खुड्किलो हो । तपाईंको उत्पादित वस्तुको लागि कुन चाहिँ व्यापार चिन्ह उपयुक्त हुन्छ ? यसका लागि त्यस्तो कुनै बाध्यात्मक नियम नभए तापनि तल दिएको पाँच बुँदा तपाईंको लागि उपयोगी हुन सक्दछ ।

### तपाईलाई व्यापार चिन्ह छनौट गर्नको लागि पाँच बुँदे चेकलिष्ट

- तपाईले छनौट गरेको व्यापार चिन्हले दर्ताको लागि सबै कानूनी आवश्यकताहरू पूरा गर्दछ कि गर्दैन हेर्नुहोस् (आवेदन रद्द हुने कारणहरू पृष्ठ ७)
- विद्यमान व्यापार चिन्हसँग मिल्दोजुल्दो वा भुक्याउने खालको नहोस् भन्नाका लागि व्यापार चिन्हको खोजी गर्नुहोस् (पृष्ठ ११)
- तपाईको व्यापार चिन्ह सजिलैसित पढ्न, लेख्न, उच्चारण गर्न र सम्झन सक्ने र सबै खाले आम संचार माध्यममा विज्ञापन गर्न योग्य छ भन्ने कुरामा विश्वस्त हुनुहोस् ।
- तपाईको चिन्हमा तपाईकै भाषामा वा अन्य भाषा जहाँ निर्यातको सम्भावना बढी रहेको छ त्यसमा अन्यथा अर्थ लाग्ने भाषाको प्रयोग भएको छ कि छैन ध्यान दिनुहोस् ।
- दर्ताको लागि इन्टरनेट ठेगाना उपलब्ध छ कि छैन ध्यान दिनुहोस् । (व्यापार चिन्ह तथा इन्टरनेट ठेगानाको नामको सम्बन्धमा पृष्ठ १९)

एक वा सो भन्दा बढी शब्दको छनौट गर्दा यसले कस्तो किसिमको प्रभाव पार्दछ भन्ने विषयतर्फ पनि ध्यान दिनुपर्दछ ।

- **बनावटी वा "भड्किला" शब्दहरू ।** यी शब्दहरू बनाइएका हुन्छन्, जसको कुनै तात्विक वा वास्तविक अर्थ हुदैनन् । बनावटी शब्दहरू नैसर्गिक रूपमा छुट्टै पहिचान हुन सक्ने हुनाले यो सजिलैसित सुरक्षित हुनसक्ने सम्भावना रहन सक्दछ । तथापि यसको नकारात्मक पक्षलाई हेर्ने हो भने उपभोक्ताहरूलाई यी शब्दहरू सम्झिरहन कठिन पर्दछ जस्ले गर्दा यस्ता उत्पादनको विज्ञापन गर्दा ठूलो प्रयास खर्चिनु पर्दछ ।

**उदाहरणको लागि**

कोडाक इष्टमेन कम्पनीको वैधानिक व्यापार चिन्ह हो

सौजन्य : इष्टमेन कोडाक कम्पनी

- **स्वेच्छाचारी चिन्ह:** यी यस्ता शब्दहरू हुन् जसको विज्ञापन गरिएका वस्तुसित कुनै सम्बन्ध राख्दैन । यस्ता चिन्हहरू संरक्षण गर्न सजिलो भए तापनि उपभोक्ताको मानसपटलमा यो चिन्ह र उत्पादनको सम्बन्ध सृजना गर्नको लागि प्रचूर मात्रामा विज्ञापन आवश्यकता पर्दछ ।

**उदाहरणार्थ:** मोवाइल फोनको बजारीकरणको लागि हात्ती अंकित व्यापार चिन्ह

- **सुझावमुलक चिन्ह:** यी यस्ता चिन्ह हुन जसले कुनै उत्पादनको एक वा केही गुणको बारेमा सुझाव गर्दछ । सुझावमूलक चिन्ह विज्ञापनको स्वरूपमा काम गर्दछ । तथापि केही देशहरूले सुझावमूलक चिन्हलाई कुनै उत्पादनको विवरणात्मक चिन्हको रूपमा ग्रहण गर्दछन् ।

**उदाहरणार्थ** : विद्युतीय हिटरको बजारीकरणको लागि ल्याएको व्यापार चिन्ह सनीले त्यस उत्पादनले घर तातो तथा न्यानो बनाउने तर्फ इंगित गर्दछ । तथापी व्यापार चिन्ह दर्ता गर्ने केही कार्यालयले यसलाई बढी विवरणात्मक सम्झी दर्ता नगर्न पनि सक्दछ ।

तपाईले जस्तो सुकै व्यापार चिन्ह छनौट गरेता पनि विद्यमान चलन चल्तीमा रहेको व्यापार चिन्हको नक्कल नगर्नु नै राम्रो हुन्छ । कुनै प्रतिस्पर्धीले प्रयोग गरेको व्यापार चिन्हलाई सामान्य परिवर्तन गरेमा वा प्रसिद्ध चिन्हलाई गलत किसिमले उल्लेख गरेमा त्यस्तो चिन्ह दर्ता नहुन सक्छ ।

**उदाहरणार्थ** : EASY WEAR युवाहरूले पहिरन गर्ने लुगाको पंजिकृत व्यापार चिन्ह हो । यदि तपाई यस्तै वा यस पहिरनसँग मिल्दोजुल्दो पहिरन EEZYWARE को नामबाट बिक्री गर्न चाहनु हुन्छ भने त्यो बुद्धिमतापूर्ण कार्य हुदैन । यस्तो नाम विद्यमान चलनचल्तीमा रहेको नाम मिल्दोजुल्दो र द्विविधायुक्त हुने हुनाले यो व्यापार चिन्ह दर्ता नहुन सक्दछ ।

## व्यापार चिन्हको चरणबद्ध दर्ता

### निवेदक

पहिलो चरणमा तपाईले विधिवत् रूपमा व्यापार चिन्ह दर्ताको आवेदन फर्म भरी बुझाउनु पर्ने छ । त्यस आवेदन फर्ममा तपाईको कम्पनीको विवरण, सम्पर्क ठेगाना, चिन्हको चित्रात्मक प्रस्तुति (यसको लागि कुनै निश्चित नमूना चाहिन पनि सक्दछ) र कुन चाहिँ व्यापारको लागि व्यापार चिन्ह दर्ता गर्न चाहेको हो त्यस्तो सामान र सेवा वा वर्गहरूको विवरण र तोकिएको दर्ता शुल्क बुझाउनु पर्नेछ ।

स्मरण रहोस् कि केही व्यापार चिन्हका कार्यालयहरू (जस्तै अमेरिका र क्यानाडा) ले व्यापार चिन्हको प्रयोगको प्रमाण वा त्यस्तो व्यापार चिन्ह प्रयोग गर्ने मनशायको घोषणाको प्रमाण पनि माग्न सक्दछ । सम्बन्धित व्यापार चिन्हको कार्यालयले दर्ता प्रक्रिया बारे अझ बढी ठोस सूचना उपलब्ध गराउन सक्दछ ।

### व्यापार चिन्हको कार्यालय

व्यापार चिन्हको कार्यालयले व्यापार चिन्ह दर्ता गर्दाको अवस्थामा अपनाइने प्रक्रियाहरू देशैपिच्छे फरक हुन सक्दछ । तथापि समग्र रूपमा हेर्दा दर्ता प्रक्रिया प्रायः समान प्रकृतिका हुन्छन् ।

**औपचारिक जाँच**: व्यापार चिन्हको कार्यालयले तपाईको आवेदनले प्रशासनिक आवश्यकताहरू वा औपचारिकता पूरा गरेको छ कि छैन भनी जाँच गर्दछ । (अर्थात् आवेदन दस्तुर बुझाइएको छ कि छैन र आवेदन सही ढंगले भएको छ कि छैन त्यसको जाँच गर्दछ)

**सारभूत जाँच**: केही देशहरूका व्यापार चिन्ह दर्ता गर्ने कार्यालयहरूले तपाईको आवेदनले सारवान आवश्यकता (अर्थात व्यापार चिन्ह कुनै त्यस्तो वर्गमा पर्दछ जुन व्यापार चिन्हको कानूनद्वारा निषेधित गरिएको छ र त्यस्तो व्यापार चिन्ह विद्यमान चलन चल्तीमा रहेको अर्को कुनै व्यापार चिन्हसँग विरोधाभासयुक्त छ कि छैन) जाँच गर्दछ ।

**प्रकाशन र विरोध**: धेरैजसो देशहरूमा तेस्रो पक्षलाई दाबी विरोधको निश्चित समयसीमा सहित व्यापार चिन्हलाई बुलेटिन वा पत्रिकामा प्रकाशन गरिन्छ । अरू केही देशहरूमा भने व्यापार चिन्ह दर्ता भए पछि मात्र प्रकाशित गर्ने गरिन्छ । यसरी प्रकाशन गर्दा केही पर्याप्त समयावधि तोकिएको हुन्छ जस अन्तर्गत दर्ताउपर दावी विरोधका लागि निवेदन दिन सकिन्छ ।

**दर्ता** : अस्वीकृत हुनु पर्ने कुनै कारण नभए पछि व्यापार चिन्ह दर्ता गरिन्छ । यसरी व्यापार चिन्ह दर्ता भई सकेपछि दर्ताको प्रमाण-पत्र उपलब्ध गराइन्छ जुन सामान्यत १० वर्षको लागि वैध हुन्छ ।

**नवीकरण** : आवश्यक नवीकरण दर्ता शुल्क बुझाए पश्चात् चिन्ह सधैंको लागि नवीकरण हुन्छ । तथापि यदि कुनै व्यापार चिन्ह प्रचलित व्यापार चिन्हको कानून अन्तर्गत केही निश्चित समय सीमाभित्र कुनै वस्तु वा सेवामा प्रयोग गरिएको छैन भने त्यस्तो अवस्थामा व्यापार चिन्हको दर्ता पूर्ण रूपमा खारेजी हुन सक्दछ ।

### व्यापार चिन्ह दर्ता गर्न कति समय लाग्दछ ?

व्यापार चिन्ह दर्ता गर्नको लागि देशै पिच्छे फरक समय लाग्न सक्दछ । यदि व्यापार चिन्ह दर्ता गर्ने कार्यालयको गम्भीर परीक्षणपछि व्यापार चिन्हको दर्ता साधारणतया ३ महिनादेखि २ वर्षसम्म लाग्ने गर्दछ । तपाईको वस्तुको विज्ञापन र सम्बन्धित उत्पादित वस्तुको बजारीकरण गर्नको लागि व्यापार चिन्हको दर्ताको आवेदन अग्रिम रूपमा नै गरी दर्तालाई सुरक्षित राख्नु उपयुक्त हुनेछ ।

### व्यापार चिन्हको निर्माण, त्यसको संरक्षण र प्रयोगमा के कति खर्च लाग्दछ ?

- व्यापार चिन्हको निर्माण र त्यसको दर्ताको लागि के कति खर्च लाग्दछ भन्ने कुरा ध्यानमा राखी सोही अनुसार आफनो बजेट तय गर्नुपर्छ ।
- व्यापार चिन्हको लोगोको निर्माण वा व्यापार चिन्हको रूपमा प्रयुक्त हुने शब्दको निर्माणको लागि धेरै जसो कम्पनीले यस्तो कामको लागि बाहिरी सहयोग लिने हुनाले यसमा खर्च लाग्न सक्दछ ।
- व्यापार चिन्हको खोजी कार्य संचालन गर्दा खर्च लाग्न सक्दछ (तल हेर्नुहोस्)
- दर्ता प्रक्रियामा खर्च लाग्न सक्दछ, जुन देश र उत्पादित वस्तुको वर्ग (वा व्यापार चिन्ह श्रेणी पृष्ठ ११ हेर्नुहोस्) अनुसार फरक हुन सक्दछ । तपाईको देशको राष्ट्रिय व्यापार चिन्हको कार्यालयले व्यापार चिन्ह दर्ता गर्दा लाग्ने सम्पूर्ण खर्चको लागत उपलब्ध गराउन सक्दछ ।
- कम्पनीले व्यापार चिन्ह दर्ता गर्ने प्रक्रियामा व्यावसायिक व्यापार चिन्हका एजेन्टहरूको प्रयोग गरेमा थप खर्च लाग्न सक्दछ । यसो भए तापनि यसले दर्ता प्रक्रियामा समय र उर्जाको बचत हुने गर्दछ ।

### तपाईले छनौट गरेको व्यापार चिन्ह अन्य पंजीकृत व्यापार चिन्हसित बिरोधाभास छ कि छैन भनेर कसरी पत्ता लगाउने ? व्यापार चिन्हको खोज भनेको के हो ?

व्यापार चिन्ह दर्ताको लागि आवेदन बुझाउनु अघि व्यापार चिन्हको खोज गरिसकेको हुनुपर्दछ । तपाईले प्रयोगमा ल्याउन चाहनु भएको व्यापार चिन्ह वा त्यस्तैसँग मिल्दोजुल्दो व्यापार चिन्ह अरू कुनै कम्पनीद्वारा हुबहु वा त्यस्तै उत्पादित वस्तुमा प्रयोग गर्नको लागि दर्ता भइसकेको छ कि छैन भन्ने उद्देश्यले व्यापार चिन्हको खोज गर्ने गरिन्छ ।

व्यापार चिन्हको खोज तपाई आफैंले वा व्यापार चिन्हको कार्यमा कार्यरत एजेन्टहरूको सेवा लिन सक्नु हुन्छ । त्यस्तो व्यापार चिन्हको खोज तपाईमध्ये कसैले तपाईको राष्ट्रिय व्यापार चिन्हको कार्यालय (जुन नि:शुल्क वा केही दस्तुर तिरेर) वा व्यावसायिक रूपमा व्यापार चिन्हको तथ्याङ्क सञ्चालन गर्ने कार्यालयबाट उपलब्ध हुन सक्दछ । जुनसुकै तरिकाले खोज गरे पनि त्यस्तो खोज प्रारम्भिक मात्रै हो भन्ने कुरालाई ध्यानमा राख्नुपर्दछ । तपाईले छनौट गर्नुभएको व्यापार चिन्ह विद्यमान अवस्थामा वैधानिक रहेको पञ्जीकृत व्यापार चिन्हसित मिल्दोजुल्दो छ कि छैन भनी निर्क्यौल गर्नु गाह्रो हुन्छ । त्यसैले यहाँनिर अनुभवी व्यापार चिन्हका एजेन्ट जो व्यापार चिन्हको कर्यालयको कामसित र अदालतको निर्णयहरूसित जानिफकार र परिचित रहन्छन् तिनीहरूको सरसल्लाह लिनु ज्यादै नै उपयोगी हुन्छ ।

एजेन्टको समक्ष जानु अघि तपाईको राष्ट्रिय व्यापार चिन्हको कार्यालय (वा व्यावसायिक डाटावेश कम्पनी)ले प्रारम्भिक खोज गर्नको लागि तपाईलाई निःशुल्क विद्युतीय (अनलाईन) व्यापार चिन्हको तथ्याङ्क उपलब्ध गराएको छ कि छैन त्यो हेर्नु जरूरी हुन्छ। व्यापार चिन्हको तथ्याङ्कको सूची WIPO को वेभसाईट मा उपलब्ध छ।

व्यापार चिन्ह वस्तु वा सेवाको आधारमा वर्गीकृत गरिएको हुन्छ। (यसको लागि अनुसूची III मा रहेको अन्तर्राष्ट्रिय वर्गीकरण प्रणाली हेर्नुहोस्) तपाईले खोजको ४५ वटा व्यापार चिन्हको वर्गसितको परिचयबाट प्रारम्भ गर्नुहोस्।

## व्यवस्थित वर्गीकृत प्रणाली

धेरै जसो देशहरूमा व्यापार चिन्हको आवेदन फाराम भर्दा कुन वस्तु तथा सेवाको लागि व्यापार चिन्ह दर्ता गर्न चाहेको हो सो समेत खुलाई सोही अनुरूप त्यसको वर्गीकरण समेत गर्नुपर्ने हुन्छ। यसले व्यापार चिन्हको वर्गीकरण प्रणाली अन्तर्गतको वर्गलाई इङ्गित गर्दछ व्यापार चिन्हको वर्गीकरण प्रणालीले पञ्जीकृत व्यापार चिन्हको तथ्याङ्क र सो व्यापार चिन्हको कुनै वस्तु वा सेवाको सम्बन्धलाई व्यवस्थित रूपले सुरक्षित गर्ने गर्दछ। यसले व्यापार चिन्हको डाटावेश वा सूचना प्राप्त गर्न सजिलो बनाउँदछ। कुन उद्देश्यको लागि तपाई आफ्नो व्यापार चिन्ह प्रयोग गर्न चाहनुहुन्छ यसको लागि सबै वर्गमा तपाईको व्यापार चिन्ह दर्ता गर्न जरूरी छ। व्यापक रूपमा प्रयोग गरिने यस्तो वर्गीकरण प्रणाली अन्तर्राष्ट्रिय व्यापार चिन्ह वर्गीकरण प्रणाली हो। जस अन्तर्गत वस्तुहरूको लागि ३४ वटा वर्ग र सेवाहरूको लागि ११ वटा वर्गहरू वर्गीकृत छन्। Nice Classification प्रणालीको बारेमा बढी जानकारी लिन चाहेमा प्रिशिष्टांक III बाट लिन सकिन्छ। यसको लागि हेर्नुहोस्: www.wipo.int/classifications/en/nice/about/

**उदाहरणार्थ :**

उत्पादित वस्तुहरू कसरी वर्गीकृत हुन्छन् ? यसको लागि एउटा उदाहरण हेरौं। यदि तपाईको कम्पनीले चक्कु तथा काँटा उत्पादन गर्दछ भने तपाईको व्यापार चिन्हको आवेदन वर्ग ८ मा रहेको वस्तुसँग हुनुपर्दछ। तथापि, तपाई यी सामानको अलावा भान्सामा प्रयोग हुने भाँडा बर्तन (जस्तैः डेक्ची, कराई, ताप्के) पनि सोही व्यापार चिन्ह अन्तर्गत नै प्रयोग गर्न चाहनु हुन्छ भने त्यो चिन्ह वर्ग २१ अन्तर्गत मेल खाने सामान अन्तर्गत दर्ता गर्नुपर्ने हुन्छ। कतिपय देशहरूमा प्रत्येक उत्पादनको लागि फरक-फरक आवेदन दिनुपर्ने हुन्छ भने अन्य देशहरूमा एउटै आवेदनले पनि धेरै वर्गलाई समेट्न सक्दछ।



## व्यापार चिन्ह आवेदन दर्ता गर्नको लागि व्यापार चिन्हका काम गर्ने एजेन्टको सहयोग आवश्यक छ ?

सामान्य नियमानुसार धेरैजसो देशहरूमा व्यापार चिन्हको आवेदन दर्ता गर्नको लागि त्यस्तो एजेन्टको आवश्यकता पर्दैन। आवेदन तपाई आफैले दर्ता गर्न सक्नुहुन्छ। तथापि त्यस्तो एजेन्टको सेवा लिएमा तपाईको समय बचत हुन सक्दछ किनभने यी एजेन्टहरू व्यापार चिन्हको खोजी गर्ने कार्यमा दक्ष हुनुको साथै व्यापार चिन्ह दर्ताको विस्तृत कार्यविधिको बारेमा जानिफकार हुन्छन्। यिनीहरूको सहयोगबाट तपाईको व्यापार चिन्ह उपयुक्त व्यापार चिन्हको वर्गहरूमा दर्ता भई सुरक्षित हुनुको साथै आवेदन अस्वीकृत हुनबाट पनि बच्दछ। यदि विदेशमा व्यापार चिन्ह दर्ताको लागि आवेदन दिन चाहनु हुन्छ भने त्यस अवस्थामा सम्बन्धित देशको व्यापार चिन्हमा काम गर्ने एजेन्टको आवश्यकता पर्न सक्दछ।

यदि यस्तो एजेन्टको आवश्यकता पर्छ भने सम्बन्धित बौद्धिक सम्पत्तिको कार्यालय (परिशिष्टांक II हेर्नुहोस्) ले तपाईलाई आवश्यक सल्लाह र आधिकारिक रूपमा सूचिकृत त्यस्ता दालाहरूको सूचि उपलब्ध गर्न सक्दछ।

## दर्ता भएको व्यापार चिन्ह कति समयसम्म सुरिक्षित रहन्छ ?

व्यापार चिन्हको संरक्षण देश अनुसार फरक भए तापनि पञ्जीकृत व्यापार चिन्ह सामान्यतया १० वर्षसम्मको लागि सुरक्षित रहन्छन्। यदि नवीकरण दस्तुर समयमा नै बुझाइएको छ भने नवीकरण कालान्तरको (अर्को थप १० वर्षको) लागि पनि गर्न सकिन्छ। तपाईको व्यापारको हितको लागि र समयमै नवीकरण गर्नुको लागि कम्पनीको कुनै एक व्यक्तिलाई नवीकरणको दायित्व सुम्पेमा सबै देशमा तपाईको व्यापार चिन्हको समयमै नवीकरण हुन सक्दछ।

## व्यापार चिन्हको रचनामा बाहिरी सहयोग

व्यापार चिन्ह रचना गर्नु एउटा सिर्जनशील कार्य हो। धेरै जसो देशमा रचनाकारले आफूले सिर्जना गरेको कुनै सिजर्नशील वा कलात्मक कार्य माथिको सर्वाधिकार स्वत: उसै माथि रहन्छ। त्यसैले यदि कुनै व्यापार चिन्हको रचना गर्दा बाहिरी सहयोग लिएको छ भने त्यस्ता रचनाकारसित सम्झौता गर्दा सर्वाधिकारको स्वामित्वको सवाललाई स्पष्टसँग सम्झौतामा व्यवस्थित गर्नुपर्दछ वा व्यापार चिन्हको सर्वाधिकार तपाईको कम्पनीमा निहित रहेको कुरालाई निश्चित गर्नुपर्दछ।

## के तपाईले आफ्नो देशमा दर्ता गर्नुभएको व्यापार चिन्ह अन्तर्राष्ट्रिय स्तरमा पनि वैध हुन्छ ?

व्यापार चिन्हको दर्ता पश्चात् प्राप्त हुने कानूनी अधिकार प्राय: दर्ता भएकै राष्ट्रमा सीमित रहन्छ। यदि तपाईको व्यापार चिन्ह प्रतिष्ठित छैन भने तपाईको देशमा दर्ता भएको व्यापार चिन्हले तपाईकै देशमा मात्र त्यस सम्बन्धी अधिकार प्रदान गर्दछ। (प्रतिष्ठित व्यापार चिन्हको जानकारीको लागि पृष्ठ १६ हेर्नुहोस्)

## व्यापार चिन्हलाई विदेशमा पनि संरक्षित गर्ने तर्फ सोच राख्नु पर्छ कि पर्दैन ?

आफ्नो देशमा दर्ता गरेको व्यापार चिन्हको तात्पर्य तपाईको उत्पादनलाई विदेशी बजारमा पनि बजारीकरण गर्नु हो। त्यस कारण यदि अन्य देशमा त्यसको प्रयोग गर्न चाहनुहुन्छ भने विदेशमा पनि व्यापार चिन्ह दर्ता गर्नु उत्तम हुन्छ।

विशिष्ट व्यापार चिन्ह रहेको सामान निर्यात गर्दा विदेशी बजारमा तपाईको सामानले उचित मान्यता पाउदँछ र यसले विदेशी उपभोक्ताहरू माझ तपाईको कम्पनीको प्रतिष्ठा र छविलाई बढावा दिन्छ जसले गर्दा तपाईको कम्पनीलाई बढी नाफा हुन सक्दछ ।

## तपाईको कम्पनीको व्यापार चिन्ह विदेशमा कसरी दर्ता गर्न सक्नु हुन्छ ?

तपाईले आफ्नो कम्पनीको व्यापार चिन्ह आफ्नो देशमा दर्ता गरी सकेपछि अन्य देशहरूमा व्यापार चिन्ह दर्ता गर्नको लागि निम्न प्रक्रिया अबलम्बन गर्न सक्नु हुन्छ ।

**राष्ट्रिय मार्ग** : तपाईको कम्पनीले कुन चाहिँ देशमा आफ्नो व्यापार चिन्ह सुरक्षित गर्न चाहेको हो सोही देशमा त्यस देशको लागि आवश्यक भाषामा चाहिने दस्तुर सहित आवेदन बुझाउनु पर्दछ । माथि सूचित गरिए अनुसार यस कार्यको लागि कुनै देशले स्थानीय स्तरमा कार्यरत व्यापार चिन्हका एजेन्टको सेवा आवश्यक पर्न सक्दछ ।

**क्षेत्रीय मार्ग** : यदि तपाईले आफ्नो व्यापार चिन्हको संरक्षण त्यस्तो देशहरूमा गर्न चाहनु हुन्छ जो क्षेत्रीय व्यापार चिन्ह प्रणालीका सदस्य छन् भने त्यस अवस्थामा तपाईले त्यस्तो सदस्य राष्ट्र भएको देशको सम्बन्धित क्षेत्रीय कार्यालयमा आवेदन दर्ता गर्न सक्नु हुन्छ । व्यापार चिन्हको क्षेत्रीय कार्यालयहरू निम्न छन् ।

- The African Regional Industrial Property office
- The Benelux Trademark Office
- The Office for the Harmonization of the Internal Market of the European Union
- *The Organization Aficaine dela Propriete Intellectuelle*

**अन्तर्राष्ट्रिय मार्ग** : यदि तपाईको राष्ट्र मेड्रिड प्रणालीको सदस्य छ भने र यदि तपाईको व्यापार चिन्ह दर्ता भइसकेको छ वा आवेदन दिनुभएको छ वा त्यस राष्ट्रमा लागू भएको छ भने तपाईले मेड्रिड प्रणाली अन्तर्गत आफ्नो व्यापार चिन्ह दर्ता गर्न सक्नु हुन्छ । जसमा ७० भन्दा बढी देशहरू त्यस प्रणालीका पक्ष छन् ।

### मेड्रिड प्रणाली अबलम्बन गर्दा हुने फाइदाहरू

मेड्रिड प्रणाली अबलम्बन गर्दा हुने आधारभूत फाइदा के हो भने व्यापार चिन्हको स्वामीले सबै राष्ट्र जो प्रणालीको पक्ष छन् ती राष्ट्रमा आफ्नो व्यापार चिन्ह दर्ता गर्न सक्दछ । त्यसरी दर्ता गर्दा निम्न कार्य पूरा गर्नुपर्दछ ।

- एउटा अन्तर्राष्ट्रिय आवेदन पत्र,
- एउटै भाषा
- एउटै दस्तुर र अन्तिम मिति

तत्पश्चात अन्तर्राष्ट्रिय दर्ताको कायम र त्यसको नवीकरण एउटै कार्यविधिबाट गर्न सकिन्छ ।

चिन्हको अन्तर्राष्ट्रिय दर्तासम्बन्धी थप जानकारी तपाईले आफ्नो व्यापार चिन्हको कार्यालय वा WIPO को वेवसाइट www.wipo.int/madrid/ बाट प्राप्त गर्न सक्नु हुनेछ । मेड्रिड प्रणालीसित आबद्ध सदस्य राष्ट्रहरूको सूचि परिशिष्टांक IV मा उपलब्ध छ ।

## ३. व्यापार चिन्हका प्रकारहरू

| | |
|---|---|
| व्यापार चिन्ह | निश्चित प्रतिष्ठानले उत्पादन गरेको निश्चित सामानलाई छुट्याउन प्रयोग गरिने चिन्ह । |
| सेवा चिन्ह | निश्चित प्रतिष्ठानले प्रदान गर्ने निश्चित सेवाहरूलाई छुट्याउन प्रयोग गरिने चिन्ह । |
| सामूहिक चिन्ह | कुनै संगठनका सदस्यहरूले उत्पादन गरेको वा प्रदान गरेको सामान वा सेवालाई छुट्याउन प्रयोग गरिने चिन्ह । |
| प्रमाणीकरण चिन्ह | विशेष खालको वस्तु वा सेवामा प्रयुक्त चिन्हलाई प्रमाणित गर्ने निकायले स्तरीय भनी प्रमाणित गर्न दिने चिन्ह । |
| प्रतिष्ठित चिन्ह | त्यस्ता चिन्ह जुन बजारमा प्रतिष्ठित भनेर चिनिएका हुन्छन् जसले गर्दा यस्ता चिन्ह मजबुत संरक्षणका हकदार हुन्छन् । |

### सेवा चिन्ह भनेको के हो ?

सेवा चिन्ह व्यापार चिन्हको प्रकृतिसित धेरै हदसम्म मिल्दो-जुल्दो छ । दुवै विशिष्ट चिन्हहरू हुन् । व्यापार चिन्हले एउटा प्रतिष्ठानद्वारा उत्पादित सामान र अर्को प्रतिष्ठानद्वारा उत्पादित सामानलाई छुट्याउँछ भने सेवा चिन्हले पनि सेवासँग सम्बन्धित कार्यहरू गर्दछ । सेवा धेरै प्रकारका हुन सक्दछन् । जस्तै वित्तीय, बैकिङ्ग, यात्रा, विज्ञापन वा क्याटरिङ्ग । सेवा चिन्ह व्यापार चिन्ह जस्तै दर्ता, नवीकरण, खारेजी र अन्यलाई प्रदान गर्न सकिन्छ ।

**उदाहरणार्थ**

NatWest

सौजन्य : National Westminter Bank Plc.

### सामूहिक चिन्ह भनेको के हो ?

सामूहिक चिन्ह कुनै संगठन वा सहकारीको स्वामित्वमा रहन्छ र यसका सदस्यहरूले आफ्नो उत्पादनको बजारीकरण गर्नको लागि त्यस्तो सामूहिक चिन्ह प्रयोग गर्ने गर्दछन् । संगठनले सामूहिक चिन्ह प्रयोग गर्नको निमित्त सामान्यतया केही निश्चित मापदण्ड (जस्तै गुणस्तरको मापदण्ड) निर्धारण गरेको हुन्छ र यदि कुनै कम्पनीले त्यो मापदण्डको अनुसरण गर्दछ भने संगठनले त्यस्तो कम्पनीलाई त्यो चिन्ह प्रयोग गर्न अनुमति प्रदान गर्दछ । सामूहिक चिन्ह प्रतिष्ठानहरूद्वारा उत्पादित वस्तुको संयुक्त रूपमा बजारीकरण गर्न प्रभावकारी हुन्छ किनभने एकल रूपमा त्यस्तो कम्पनीको चिन्ह उपभोक्ताहरूले चिनेका हुँदैनन् र/वा वितरकलाई त्यस्तो चिन्ह सम्हाल्न गाह्रो हुन सक्दछ ।

**उदाहरणार्थ** : मेलिन्डा सामूहिक चिन्ह १६ वटा स्याउ उत्पादन गर्ने सहकारीहरूका ५२०० सदस्यहरूले प्रयोग गर्ने चिन्ह हो जसलाई Valle diNon and Valle di Sole (इटली) मा १९८९ मा Melinda Consortium ले स्थापना गरेको थियो ।

सौजन्य : Melinda Consortium

## प्रमाणीकरण चिन्ह भनेको के हो ?

प्रमाणीकरण चिन्ह परिभाषित मापदण्डलाई अनुशरण गरे वापत दिइने चिन्ह हो तर यो चिन्ह कुनै सदस्यतामा मात्र सीमित छैन । यो चिन्ह जो सुकैले पनि प्रयोग गर्न सक्दछ । जस्को उत्पादनले स्थापित मापदण्डलाई पूरा गर्दछ । धेरै जसो देशहरूमा सामूहिक चिन्ह र प्रमाणीकरण चिन्हको मुलभूत भिन्नतालाई यसप्रकार छुट्याउने गर्दछन् । सामूहिक चिन्ह केही निश्चित समूहको प्रतिष्ठानहरू जस्तैः कुनै संगठनका सदस्यहरूले मात्र प्रयोग गदर्छन् भने प्रमाणीकरण चिन्ह जो सुकैले पनि प्रयोग गर्न सक्दछन् । जबकि त्यस्तो व्यक्तिले प्रमाणीकरण चिन्हको मालिकले परिभाषित गरेको मापदण्डलाई अनुसरण गर्दछ ।

प्रमाणीकरण चिन्हको लागि चाहिने महत्वपूर्ण आवश्यकता के हो भने जुन निकायले दर्ताको लागि आवेदन गर्दछ त्यो निकाय उत्पादित वस्तु प्रमाणीकरण गर्न सक्षम छ भन्ने बुझ्नु पर्दछ ।

**उदाहरणार्थ** : उलमार्क चिन्ह उलमार्क कम्पनीको (प्रमाणीकरण) पञ्जीकृत व्यापार चिन्ह हो । उलमार्क गुणस्तरलाई आश्वस्त पार्ने चिन्ह हो र यसले चिन्ह प्रयोग गरिएको उत्पादनहरू १००% नयाँ ऊनबाट तयार हुनको साथै उलमार्क कम्पनीले निर्धारण गरेको मापदण्डलाई अनुसरण गर्दछ भन्ने आश्वासन दिन्छ । यो १४० वटा भन्दा बढी देशमा दर्ता छ भने यसले ६५ वटा देशहरूमा यो गुणस्तर र मापदण्ड पूरा गर्न सक्ने उत्पादकलाई त्यस्तो सामान उत्पादन गर्न आफ्नो लाइसेन्स प्रदान गरेको छ ।

सौजन्य : ऊलमार्क

## प्रतिष्ठित चिन्ह भनेको के हो ?

प्रतिष्ठित चिन्ह त्यस्ता चिन्ह हुन जुन चिन्हलाई एउटा देशको सक्षम निकायले त्यसलाई विख्यात भनी स्वीकार गर्दछ । प्रतिष्ठित चिन्ह सामान्यतया बलियो संरक्षणबाट लाभान्वित हुन्छन् । उदाहरणको लागि प्रतिष्ठित चिन्ह कुनै राज्यमा दर्ता नभए तापनि (वा प्रयोग नभए तापनि) ती चिन्हहरू संरक्षित हुन सक्दछ ।

यसको अतिरिक्त चिन्हहरू हुबहू वा मिल्दोजुल्दो उत्पादित वस्तुको प्रयोगको विरूद्ध संरक्षित हुन्छन् भने प्रतिष्ठित चिह्नहरूले केही मापदण्ड पूरा गरेको अवस्थामा फरक उत्पादित वस्तुहरूमा देखिने द्विविधायुक्त मिल्दोजुल्दो चिन्हको विरूद्ध संरक्षित हुन्छ । यस्तो बलियो, सुरक्षा प्रदान गर्नुको पछाडि अन्य कम्पनीहरूलाई त्यस्तो प्रतिष्ठित चिन्हको ख्याति सित खेलवाड गर्न नपाउन् र त्यसको नाम र साखलाई विगार्न नपाउन् भन्ने हो ।

**उदाहरणार्थ** : कल्पना गरौं कि वान्डरकोला (WONDERCOLA) एउटा हल्का पेय पदार्थको प्रसिद्ध व्यापार चिन्ह रहेछ । देशहरूमा प्रसिद्ध चिन्हहरूले बलियो सुरक्षाको अनुभूति गर्दछन् र जहाँ त्यस्तो चिन्ह हल्का पेय पदार्थको लागि प्रसिद्ध छन् भने त्यस अवस्थामा वान्डरकोला इन्कले स्वत: संरक्षणबाट लाभान्वित हुन्छ । सुरक्षा असम्बन्धित सामान र सेवाको लागि पनि उपलब्ध हुन्छ भन्नुको तात्पर्य के हो भने यदि अर्को कुनै कम्पनीले टिसर्टदेखि गर्मीमा लगाइने चश्माहरू वान्डरकोलाको चिन्ह प्रयोग गरी त्यस्तो सामानको बजारीकरण गर्न चाहन्छ भने त्यस कम्पनीले त्यस अवस्थामा वन्डरकोला इन्कको अनुमति प्राप्त गर्नुपर्दछ अन्यथा व्यापार चिन्हको अधिकार माथि अतिक्रमण भयो भनि त्यस्ता कम्पनी उपर मुद्दा लाग्ने खतरा रहन्छ ।

## ४. व्यापार चिन्हको प्रयोग

### व्यापार चिन्हको प्रयोग विना पनि यसलाई दर्ता गर्न सकिन्छ ?

व्यापार चिन्हको प्रयोग गर्नु भन्दा अगावै तपाईले दर्ताको लागि आवेदन दिन सक्नु हुन्छ, तर केही देशहरूमा (जस्तै संयुक्त राज्य अमेरिका) तपाईले व्यापार चिन्ह प्रयोग गरेको प्रमाण पेश नगरेसम्म आधिकारिक रूपमा व्यापार चिन्ह दर्ता गरिंदैन । साथै धेरै जसो अवस्थामा यदि कुनै व्यापार चिन्ह दर्ता पश्चात् तोकिएको अवधि (सामान्यतया तीनदेखि पाँच वर्षसम्म) भित्र प्रयोगमा ल्याएको छैन भने त्यस्तो व्यापार चिन्हलाई व्यापार चिन्हको सूचिबाट हटाइन्छ ।

### Tm वा ®?

® TM वा SM वा त्यसका पर्यायवाची चिन्हहरू व्यापार चिन्हसँगै प्रयोग गर्नु कुनै आवश्यकता होइन र यसको प्रयोगबाट थप कानूनी संरक्षण पनि प्रदान हुँदैन । तथापि त्यस्तो चिन्ह व्यापार चिन्ह हो भनी अरूलाई सुसूचित गर्नुको साथै अन्य सम्भावित अतिक्रमणकारी र जाली काम गर्ने व्यक्तिलाई सावधानी गराउने एउटा अनकूल माध्यम हुन सक्छ । ® चिन्ह व्यापार चिन्ह दर्ता भए पश्चात् प्रयोग गरिन्छ भने Tm ले कुनै चिन्ह व्यापार चिन्ह हो भने जनाउँदछ, SM कहिलेकाहिँ सेवा चिन्हको रूपमा प्रयोग गर्ने गरिन्छ ।

## विज्ञापन गर्दा व्यापार चिन्ह कसरी प्रयोग गर्ने ?

यदि तपाईको चिन्ह कुनै निश्चित ढाँचा वा अक्षरमा दर्ता भएको छ भने व्यापार चिन्ह जसरी दर्ता भएको छ हुबहू त्यसरी नै प्रयोग गर्ने निधो गर्नुहोस् । त्यसको प्रयोगलाई सक्षम तरिकाले सुपरीवेक्षण गर्नुहोस् किनकि त्यो तपाईको कम्पनीको उत्पादनको साखको लागि अपरिहार्य हुन्छ । व्यापार चिन्हलाई क्रिया वा संज्ञाको रूपमा प्रयोग गर्ने कार्यबाट टाढा रहनुहोस् किनभने यदि यसलाई क्रिया वा संज्ञाको रूपमा प्रयोग गरेमा उपभोक्ताहरूले यसलाई सामान्य शब्दको रूपमा ग्रहण गर्ने छन् ।

## के तपाईको कम्पनी फरक उत्पादनको लागि एउटै व्यापार चिन्ह प्रयोग गर्न सक्छ?

कम्पनीद्वारा उत्पादन गरिएको फरक–फरक उत्पादित वस्तुहरूको लागि फरक व्यापार चिन्ह प्रयोग गर्न सकिन्छ । हरेक कम्पनीले आफ्नो व्यापार चिन्हको रणनीतिको आधारमा आफ्नो उत्पादनमा त्यही व्यापार चिन्ह प्रयोग गर्ने वा हरेक पटक नयाँ उत्पादन बजारमा उतार्दा त्यही चिन्हलाई विस्तार गर्ने वा हरेक उत्पादनको लागि बेग्लाबेग्लै चिन्ह राख्ने भन्ने निर्णय गर्न सक्दछ ।

विद्यमान रहेको चिन्हलाई नयाँ उत्पादित वस्तुमा विस्तार गरेमा त्यस्तो नयाँ उत्पादन त्यस्तो चिन्हको साख र ख्यातिबाट लाभान्वित हुन्छ । तथापि नयाँ उत्पादनसँग सान्दर्भिक हुने कुनै नयाँ चिन्ह त्यसमा प्रयोग गरेमा बढी लाभजनक हुनुको साथै निश्चित उपभोक्ता समूहलाई (जस्तै बालक, युवा, आदि) लक्षित गर्न कम्पनी सक्षम हुन सक्दछ वा नयाँ उत्पादित वस्तुको लागि एउटा निश्चित चित्र सृजना गर्न सकिन्छ । धेरै कम्पनीहरूले नयाँ चिन्हलाई विद्यमान रहेको चिन्हसँग जोडेर प्रयोग गर्न पनि रूचाउँछन् । (जस्तै : NUTELLA® सामान्य FERRERO सित प्रयोग गरिन्छ ।




NUTELLA ® Ferrero S.p.A. को सौजन्य

विभिन्न कम्पनीहरूले विभिन्न रणनीतिहरू ग्रहण गर्दछन् । तपाईको जे जस्तो रोजाई भए पनि तपाईको व्यापार चिन्ह सबै वर्गको सामान र सेवा अन्तर्गत दर्ता निश्चित गराउनु पर्दछ ।

## इन्टरनेटमा व्यापार चिन्ह प्रयोग गर्दा के कुरालाई ध्यानमा राख्नु पर्ने हुन्छ ?

इन्टरनेटमा व्यापार चिन्हको प्रयोगले धेरै विवादास्पद कानूनी समस्याहरू निम्त्याएका छन् । जसको कुनै सरल वा एकैनासको समाधान छैन । व्यापार चिन्हको अधिकार प्रादेशिक (अर्थात तिनीहरू जुन देशमा दर्ता गरिएका छन् वा प्रयोग गरिएको छ सोही देश वा प्रदेशमा मात्र संरक्षित छन्) छ भने इन्टरनेटको पहुँच विश्वव्यापी छ र यही तथ्यमा नै समस्याको जड रहेको छ । व्यक्ति–व्यक्ति बीच विवाद समाधान गर्ने बेलामा वा कम्पनीहरूद्वारा वैधानिक रूपमा द्विविधायुक्त व्यापार चिन्हको स्वामित्व ग्रहण गरी विभिन्न देशहरूमा त्यस्तै खालको हुबहु वा मिल्दोजुल्दो सामान वा सेवामा प्रयोग गर्दाको समयमा समस्या उत्पन्न हुन्छ । यस क्षेत्रमा कानूनको विकास भइरहेको छ र यसको उपचार देश अनुसार फरक हुन सक्दछ ।




## एकाधिकार नाम भनेको के हो र यो व्यापार चिन्हसित कसरी सम्बन्धित हुन्छ ?

व्यापार चिन्ह र एकाधिकार नाम बीचको द्वन्द्व एउटा प्रमुख समस्या हो । एकाधिकार नामहरू इन्टरनेटको ठेगानाहरू हुन् र यो सामान्यतया वेभसाइटहरू पत्ता लगाउनको लागि प्रयोग गरिन्छ । उदाहरणको लागि एकाधिकार नाम "wipo.int" wipo को वेसाईट www.wipo.int. पत्ता लगाउन प्रयोग गरिन्छ ।

समयको दौरान अनुसार एकाधिकार नामहरू व्यापारसित पहिचान हुन थालेकोले यो व्यापार चिन्हसित बाझिने गर्दछ । प्राय: जसो राष्ट्रिय कानून वा अदालतले कुनै कम्पनी वा व्यक्तिको नाममा दर्ता रहेको व्यापार चिन्हलाई एकाधिकार नामको रूपमा व्यवहार गरी व्यापार चिन्हको अतिक्रमण भनी व्यवहार गर्ने गर्दछन् । यदि यो भयो भने तपाईंको व्यवसायले एकाधिकार नाम हस्तान्तरण वा रद्द गर्नुको साथै ठूलो क्षति वा जरिवाना तिर्नुपर्ने हुन्छ । त्यसैले एकाधिकार नाम छनौट गर्दा अन्य कम्पनीको व्यापार चिन्ह र खास गरी प्रतिष्ठित व्यापार चिन्ह नपरोस् भन्ने कुरालाई महत्व दिनु पर्छ ।

कुनै खास व्यापार चिन्ह संरक्षित छ कि छैन भनेर पत्ता लगाउनको लागि तपाई आफ्नो राष्ट्रिय वा क्षेत्रीय व्यापार चिन्हको कार्यालयमा सिधै सम्पर्क गर्न सक्नुहुन्छ । जसले इन्टरनेटमा व्यापार चिन्हको तथ्याङ्क खोजी गर्ने कार्य सञ्चालन गर्दछन्, wipo को वेभसाइट www.arbiter.wipo.int/trademark/ मा तथ्याङ्कको सूचि प्राप्त गर्न सक्नु हुन्छ ।

यदि तपाई कम्पनीको व्यापार चिन्ह एकाधिकार नाममा प्रयोग भइरहेको छ वा अन्य व्यक्ति वा कम्पनीद्वारा अतिक्रमण भएको छ भने तपाईले त्यस्तो दुरूपयोग/अतिक्रमणलाई रोक्न त्यसको विरूद्ध पाइला चाल्न सक्नु हुन्छ । यस्तो अवस्थामा wipo को एकाधिकार नाम विवाद समाधान सम्बन्धी विद्युतीय प्रशासनिक कार्यविधि जुन www.arbiter.wipo.int/domains/ मा व्यवस्थित छ । त्यसको साहारा लिन सक्नु हुन्छ । यो वेभसाइटमा शिकायतको नमूना रहनुको साथै एकाधिकार नामसित जोडिएका हजारौ निर्मित मुद्दाहरूको सूची पनि उपलब्ध छ ।

## के तपाईले आफ्नो व्यापार चिन्ह अरू कम्पनीलाई अनुज्ञापन (Licenced) गर्न सक्नु हुन्छ ?

व्यापार चिन्ह अन्य कम्पनीहरूलाई अनुज्ञापन गर्न सकिन्छ । यस्तो अवस्थामा व्यापार चिन्हको धनीले स्वामित्व सुरक्षित राख्दै आफ्नो व्यापार चिन्हको एक वा सो भन्दा बढी कम्पनीलाई प्रयोग गर्न सहमति दिन सक्दछ । यस्तो कार्य रोयल्टीको भुक्तानीको सम्बन्धमा गरिन्छ र यसमा व्यापार चिन्हको मालिकको संलग्नता रहन्छ । जुन औपचारिक अनुज्ञापनको सम्झौतामा निर्दिष्ट हुन्छ ।

सहमतिको आधारमा अनुज्ञापन प्रदान गर्ने व्यक्तिले निश्चित गुणस्तर कायम रहोस् भन्ने प्रत्याभूतिको लागि अनुज्ञापन प्राप्त गर्ने व्यक्ति उपर केही हदसम्म आफ्नो नियन्त्रण राख्दछ ।

व्यापार चिन्हको अनुज्ञापन बृहत अनुज्ञापनको सम्झौतामा प्रदान गर्ने प्रचलन छ । उदाहरणको लागि व्यापारिक सम्झौता वा अन्य बौद्धिक सम्पत्ति जस्तैः पेटेन्ट र कुनै वस्तुको उत्पादनको लागि प्रदान गरिने प्राविधिक सहायता ।

### व्यापार चिन्ह सम्झौताले व्यापार चिन्हसित के गर्नुपर्दछ ?

व्यापार चिन्हको अनुज्ञापन व्यापारिक सम्झौताको केन्द्रविन्दु हो । व्यापारिक सम्झौताउपर व्यापार चिन्हको मालिकको नियन्त्रण सामान्य तथा स्तरीय व्यापार चिन्ह अनुज्ञापनको सम्झौता भन्दा बढी हुन्छ । व्यापारीकरण गर्दा व्यापारीले एउटा निर्धारित विधि र क्षतिपूर्ति वा रोयल्टीको बदलामा कुनै अर्को व्यक्तिलाई उसको आफ्नै तरिकाले (व्यापार चिन्ह उपभोक्ताको सेवा सफ्वेयर पसलको सजावट आदि सहित) व्यापार गर्न अनुमति दिन्छ ।

**उदाहरणार्थ** : कुनै एउटा होटलले NANDO'S नामक व्यापार चिन्हको अधिनमा रही कुखुराको मासुजन्य परिकार बेच्ने गर्दछ । यसले गर्दा यो उत्पादनको तयारी र बिक्री गर्न एउटा पद्धतिको विकास गरी उत्पादन ठूलो मात्रामा र एक रूपतामा बिक्री भइरहन्छ । जुन पद्धतिलाई होटलले अंगिकार गरेको छ, त्यसमा धेरै नियोगी समावेश भएका हुन्छन् जसले NANDO's होटलको सफलतालाई सहयोग गरिरहेको हुन्छ जसमा सुख्खा खाना पकाउने विधि, कर्मचारीको पोशाकको ढाँचा, प्याकेजिङ्गको ढाँचा, व्यवस्थापन र लेखा प्रणाली समावेश हुन्छ । NANDO's ले आफ्नो व्यापारिक नियमलाई आफ्नो ज्ञान र अनुभव प्रदान गरी स्थानीय व्यापारिक टिममाथि सुपरीवेक्षण र नियन्त्रणको अधिकार राख्दछ । व्यापारिक सम्झौताको अपरिहार्य तत्वको कारणले गर्दा ती व्यापारिक निगमहरूले NANDO's को व्यापार चिन्ह प्रयोग गर्ने अधिकार प्राप्त गर्दछन् ।


Nando's Group Holdpings Ltd.को सौजन्य

### के तपाईको कम्पनीको व्यापार चिन्ह अर्को कम्पनीलाई बिक्री गर्न वा अनुबन्धित गर्न कुनै प्रकारको बन्देज छ ?

व्यापारको स्वामित्व व्यापार चिन्हमा रहेको हुन्छ भने त्यस्तो व्यापार चिन्हलाई स्वतन्त्रतापूर्वक बिक्री वा अनुबन्धित गर्न सकिन्छ । यदि व्यापार चिन्ह बिक्री वा अनुबन्धित गरिन्छ भने सम्झौताको प्रतिलिपि वा त्यसको केही अंश व्यापार चिन्हको कार्यालयमा दाखिला गर्नुपर्ने हुन्छ ।

### के व्यापार चिन्हमा गरिने सानातिना संशोधनलाई दर्ता गर्नु जरूरी छ ?

धेरै व्यापार चिन्ह तथा प्रसिद्ध व्यापार चिन्हहरू आफ्नो कम्पनीको चित्रलाई आधुनिकीकरण गर्नको लागि वा विज्ञापनको नयाँ पद्धतिमा आफूलाई ढाल्नको निम्ति केही समय यता आएर हल्का रूपमा परिवर्तन हुने गरेका छन् । चिन्हलाई परिवर्तन वा अभ्यस्त गर्न सकिन्छ तर यस सम्बन्धमा तपाईको कम्पनीले सावधानीपूर्वक व्यापार चिन्हको कार्यालयहरू वा सक्षम व्यापार चिन्हका एजेन्टसित सम्पर्क गरी त्यस्तो संशोधन गर्दा नयाँ आवेदन र तत्सम्बन्धी दस्तुर लाग्ने वा नलाग्ने भनी परामर्श गर्नुपर्छ ।




® Shell

## ४. व्यापार चिन्हको कार्यान्वयन

### तपाईको व्यापार चिन्ह अन्य कोहीले अनधिकृत तबरबाट प्रयोग गरी रहेका छन् भने तपाईको व्यवसायले के गर्नुपर्दछ?

व्यापार चिन्ह कार्यान्वयन नगराउने भार व्यापार चिन्हको धनीमा निहित रहन्छ । तपाईको कम्पनीलाई व्यापार चिन्हको स्वामित्व भएको हुनाले तपाईको व्यापार चिन्हको अतिक्रमणको पहिचान गरी आफ्नो व्यापार चिन्हको अधिकारलाई कार्यान्वयन गराउनको लागि के कस्तो उपाय अपनाउनु पर्ने हो सो कम्पनीले निर्णय गर्नुपर्ने हुन्छ ।

यदि तपाईको व्यापार चिन्हलाई कसैले अतिक्रमण गरिरहेको छ भन्ने लागेको छ भने त्यस अवस्थामा विशेषज्ञको सल्लाह लिनु उपयुक्त हुन्छ । यस सम्बन्धमा बौद्धिक सम्पत्ति सम्बन्धी काम गर्ने कानून व्यवसायीले तपाईको देशमा र छिमेकी देशमा रहेको विद्यमान वैकल्पिक उपायको बारेमा जानकारी दिन्छन् । साथै यस्तो अतिक्रमणकारी र जालसाजी गर्ने व्यक्ति विरूद्ध कस्तो कानूनी कारवाही गर्नु पर्ने हो सो समेतको जानकारी दिई तपाईको अधिकारलाई कसरी कार्यान्वयन गर्ने भन्ने बारेमा पनि सल्लाह दिन सक्छन् ।

यदि तपाईलाई तपाईको व्यापार चिन्हको अतिक्रमण भइरहेको छ भने तपाईले त्यस्तो तथाकथित अतिक्रमणकारीलाई व्यापार चिन्हको अतिक्रमण भएको कारणले सम्भावित द्वन्द्वको सृजना हुन सक्ने देखिन्छ भने सर्वप्रथम पत्राचार गर्नुस् (जसलाई रोक्का पत्र पनि भनिन्छ) । यस्तो पत्र लेख्नको लागि व्यापार चिन्हमा कार्यरत कानून व्यवसायीको सहयोग लिनु सहयोगी र उपयुक्त रहन्छ ।

यदि तपाईको व्यवसायीले त्यस्तो अतिक्रमण दुराग्रही छ भनी ठान्दछ र त्यस्तो अतिक्रमण भएको स्थान थाहा छ भने त्यस अवस्थामा तपाईले आफ्नो कानून व्यवसायीको सहयोग लिई खानतलासी र जफत गर्ने आदेश लिई (एउटा सक्षम अदालत वा प्रहरीबाट) कुनै पूर्व सूचना विना छापा मार्न सक्नु हुन्छ ।

त्यस्तो सामानको उत्पादन र त्यसको वितरणमा को–को व्यक्तिहरू संलग्न छन् र तिनीहरूको वितरणको माध्यम के थियो भनी त्यस्ता व्यक्ति र माध्यमको पहिचान गराउन अतिक्रमणकारीलाई न्यायिक अधिकारीहरूले बाध्य पार्न सक्दछन् । न्यायिक अधिकारीले तपाईको अनुरोधमा त्यस्तो सामान र वस्तुहरू कुनै क्षतिपूर्ति विना नष्ट गर्न वा व्यापारको परिधिभन्दा बाहिर लगी फाल्न आदेश दिन सक्छ । नक्कली व्यापार चिन्ह भएका सामानहरूको आयातलाई रोक्न व्यापार चिन्हका धनीहरूका लागि धेरै जसो देशहरूमा तिनीहरूको राष्ट्रिय भन्सार अधिकारीहरूबाट रोकथामका उपायहरू उपलब्ध गर्न सकिन्छ । व्यापार चिन्हको धनीको हैसियतले तपाईको कम्पनीले त्यस्ता नक्कली सामानहरू सम्बन्धित देशमा वितरण हुनु पूर्व भन्सार अधिकारीहरूको सहयोग लिन सक्नु हुन्छ । भन्सारको सहयोग लिँदा तपाईले तोकिएको शुल्क बुझाउनुपर्ने हुन्छ र यसको लागि तपाईले सम्बन्धित भन्सार अधिकारीहरूसित सम्पर्क राख्नु पर्ने हुन्छ ।

कुनै अवस्थामा अतिक्रमणको सामना मध्यस्थता वा सहजीकरणबाट पनि प्रभावकारी रूपबाट गर्न सकिन्छ । मध्यस्थता बढी औपचारिक नभई छोटो र अदालती प्रक्रियाभन्दा सस्तो हुनुको साथै मध्यस्थताबाट प्रदान गरिने निर्णय अन्तर्राष्ट्रिय स्तरमा कार्यान्वयन गर्न पनि सजिलो हुन्छ । सहजीकरणको एउटा फाइदा के हो भने विवाद निरोपण प्रक्रियामा पक्षहरूको नियन्त्रण हुन्छ । यसले एउटा प्रतिष्ठानसितको व्यापारिक सम्बन्धलाई कायम राख्दछ । मध्यस्थता र सहजीकरणको बारेमा अझ बढी सूचना चाहेमा wipo मध्यस्थता तथा सहजीकरण केन्द्रको वेभसाईट www.arbiter.wipo.int हेर्नुहोस् ।

# परिशिष्टांक I उपयोगी वेभसाइटहरू

**विस्तृत जानकारीका लागि:**

- intellectual property issues from a business perspective

  *www.wipo.int/sme*

- trademarks in general

  *wwwwipoint/about-ip*

  *www.inta.org* (International Trademark Association)

- the practical aspects relating to the registration of trademarks see Annex II or

  *wwwwipoin t/directory/en/urls.jsp*

- Madrid system for the International Registration of Marks

  *wwwwipo.int/madrid*

- International Classification of Goods and Services for the Purposes of the Registration of Marks under the Nice Agreement

  *www.wipo.int/dassifications* (under Nice Agreement)

- International Classification of the Figurative Elements of Marks under the Vienna Agreement

  *www.wipo.int/classifications* (under Vienna Agreement)

- the conflict between trademarks and domain names and on alternative dispute resolution procedures for domain names

  *www.arbiter.wipo.int/domains www.icann.org*.

A list of the online trademark databases maintained by industrial property offices throughout the world is available at *www.arbiter.wipo.int/trademark*

# परिशिष्टांक II इन्टरनेट ठेगानाहरू

**National and Regional Intellectual Property Offices**

| | |
|---|---|
| African Intellectual Property Organization | *www.oapi.wipo.net* |
| Algeria | *www.inapi.org* |
| Albania | *www.alpto.gov.al* |
| Andorra | *www.ompa.ad* |
| Argentina | *www.inpi.gov.ar* |
| Armenia | *www.armpatent.org* |
| Australia | *www.ipaustralia.gov.au* |
| Austria | *www.patent.bmvit.gv.at* |
| Bahrain | *www.gulf-patent-office.org.sa/bahrainframe.htm* |
| Barbados | *www.caipo.org* |
| Belarus | *www.belgospatent.org/english/about/history.html* |
| Belgium | *www.mineco.fgov.be* |
| Belize | *www.belipo.bz* |
| Benelux | *www.boip.int* |
| Benin | *www.oapi.wipo.net* |
| Bolivia | *www.senapi.gov.bo* |
| Botswana | *www.aripo.org* |
| Brazil | *www.inpi.gov.br* |
| Bulgaria | *www.bpo.bg* |
| Burkina Faso | *www.oapi.wipo.net* |
| Burundi | *www.oapi.wipo.net* |
| Cambodia | *www.moc.gov.kh* |
| Cameroon | *www.oapi.wipo.net* |
| Canada | *www.opic.gc.ca* |
| Central African Republic | *www.oapi.wipo.net* |
| Chad | *www.oapi.wipo.net* |
| Chile | *www.dpi.cl* |
| China | *www.sipo.gov.cn* |
| China (Hong Kong -SAR) | *www.ipd.gov.hk* |
| China (Macao) | *www.economia.gov.mo* |
| China (Marks) | *www.saic.gov.cn* |
| Colombia | *www.sic.gov.co* |
| Congo | *www.oapi.wipo.net* |
| Costa Rica | *www.registronadonal.go.cr* |

| | |
|---|---|
| Cote d'Ivoire | www.oapi.wipo.net |
| Croatia | www.dziv.hr |
| Cuba | www.ocpi.cu |
| Cyprus | www.mdt.gov.cy/mcit/drcor/drcor.nsf |
| Czech Republic | www.upv.cz |
| Democratic Republic of the Congo | www.oapi.wipo.net |
| Denmark | www.dkpto.dk |
| Dominican Republic | www.seic.gov.do/onapi |
| Egypt | www.egypo.gov.eg |
| El Salvador | www.cnr.gobs.sv |
| Estonia | www.epa.ee |
| Eurasian Patent Office | www.eapo.org |
| European Union (Office for Harmonization in the Internal Market -OHIM) | www.oami.eu.int |
| Finland | www.prh.fi |
| France | www.inpi.fr |
| Gabon | www.oapi.wipo.net |
| Gambia | www.aripo.org |
| Georgia | www.sakpatenti.org.ge |
| Germany | www.dpma.de |
| Ghana | www.aripo.org |
| Greece | www.obi.gr |
| Honduras | www.sic.gob.hn/pintelec/indice.htm |
| Hungary | www.mszh.hu/english/index.html |
| Iceland | www.patent.is/focal/webguard.nsf/key2/indexeng.html |
| India | www.ipindia.nic.in |
| Indonesia | www.dgip.go.id |
| Ireland | www.patentsoffice.ie |
| Israel | www.justice.gov.il |
| Italy | www.uibm.gov.it |
| Jamaica | www.jipo.gov.jm |
| Japan | www.jpo.go.jp |
| Jordan | www.mit.gov.jo |
| Kazakhstan | www.kazpatent.org/eng/ish |
| Kenya | www.aripo.org |
| Kuwait | www.gulf-patent-office.org.sa |
| Lao People's Democratic Republic | www.stea.la.wipo.net |

| | |
|---|---|
| Latvia | www.lrpv.lv |
| Lebanon | www.economy.gov.lb |
| Lesotho | www.aripo.org |
| Liechtenstein | www.european-patent-office.org |
| Lithuania | www.vpb.lt |
| Luxembourg | www.etat.lu/ec |
| Malawi | www.aripo.org |
| Malaysia | www.mipc.gov.my |
| Mali | www.oapi.wipo.net |
| Mexico | www.impi.gob.mx |
| Monaco | www.european-patent-office.org/patlib/country/monaco |
| Montenegro | www.yupat.sv.gov.yu |
| Morocco | www.ompic.org.ma |
| Mozambique | www.aripo.org |
| Namibia | www.aripo.org |
| Nepal | www.ip.np.wipo.net |
| Netherlands | www.octrooicentrum.nl |
| New Zealand | www.iponz.govt.nz |
| Niger | www.oapi.wipo.net |
| Norway | www.patentstyret.no |
| Oman | www.gulf-patent-office.org.sa |
| Panama | www.digerpi.gob.pa |
| Peru | www.indecopi.gob.pe |
| Philippines | www.ipophil.gov.ph |
| Poland | www.business.gov.pl/*Intellectual,property,protection,90.html* |
| Portugal | www.inpi.pt |
| Qatar | www.gulf-patent-office.org.sa |
| Republic of Korea | www.kipo.go.kr |
| Republic of Moldova | www.agepi.md |
| Romania | www.osim.ro |
| Russian Federation | www.rupto.ru |
| Saint Vincent and the Grenadines | 196.7.161.62/govt/dpo/index.asp |
| Saudi Arabia | www.gulf-patent-office,org.sa |
| Senegal | www.oapi.wipo.net |
| Serbia | www.yupat.sv.gov.yu |
| Sierra Leone | www.aripo.org |
| Singapore | www.ipos.gov.sg |

| | |
|---|---|
| Slovak Republic | www.indprop.gov.sk |
| Slovenia | www.uil-sipo.si/Default.htm |
| Somalia | www.aripo.org |
| South Africa | www.cipro.gov.za |
| Spain | www.oepm.es |
| Sudan | www.aripo.org |
| Swaziland | www.aripo.org |
| Sweden | www.prv.se |
| Switzerland | www.ige.ch |
| Syrian Arab Republic | www.himaya.net |
| Tajikistan | www.tipat.org |
| Thailand | www.ipthailand.org |
| The Former Yugoslav Republic of Macedonia | www.ippo.gov.mk |
| Togo | www.oapi.wipo.net |
| Trinidad and Tobago | www.ipo.gov.tt/home.asp |
| Tunisia | www.inorpi.ind.tn |
| Turkey | www.turkpatent.gov.tr |
| Turkmenistan | www.eapo.org |
| Uganda | www.aripo.org |
| Ukraine | www.sdip.gov.ua |
| United Arab Emirates | www.gulf-patent-office.org.sa |
| United Kingdom | www.patent.gov.uk |
| United Republic of Tanzania | www.aripo.org |
| United States | www.uspto.gov |
| Uruguay | www.dnpi.gub.uy |
| Uzbekistan | www.patent.uz |
| Venezuela | www.sapi.gov.ve |
| Yemen | www.most.org.ye |
| Zambia | www.aripo.org |
| Zimbabwe | www.aripo.org |

Note:
For up-to-date information visit website at the following urls: www.wipo.int/member/en/ and www.wipo.int/directory/en/urls.jsp

## परिशिष्टांक III नाइस (NICE) वर्गीकरणहरू

**उपयोगी सम्झौता अन्तर्गत चिन्हहरूको पञ्जीकरणको उद्देश्यका लागि उत्पादन तथा सेवाहरूको अन्तर्राष्ट्रिय वर्गीकरण वस्तुहरू**

### वस्तुहरू

१. उद्योग विज्ञान तथा फोटोग्राफी, कृषि, फलफूल उत्पादन, वन, अप्रशोधित कृत्रिम रेजिन, अप्रशोधित प्लाष्टिक, गोठेमल, अग्नि नियन्त्रक बन्दोबस्ती, तापक्रम तथा तनाई सम्बन्धित तैयारी, खाद्य सामाग्री संरक्षण गर्नका लागि रासायनिक पदार्थहरू, सूर्यको तत्वले हुने कालोपना विभिन्न टाँसिने वस्तुमा प्रयोग गरिएका रसायनहरू रंगरोगन, अर्निस,

२. काठ संरक्षण गर्न प्रयोग गरिने विभिन्न रंग सम्बन्धी पदार्थहरू, कडा किसिमका वस्तुहरू, प्राकृतिक तथा कच्चा रेजिन, रंगरोगनबाट निस्किएका विकारयुक्त वस्तुहरू, सजावटकर्ता, छापावाला र आर्टिष्टहरू,

३. धोवी तथा कपडा सफाइका लागि ब्लिचिङको तैयारी तथा वस्तुहरू सरसफाइ, चम्काई, मझाई र रगडाई सम्बन्धी तैयारीहरू, साबुनहरू, सुगन्धित सेन्टहरू, अत्यावश्यक तैलीय वस्तुहरू, सौन्दर्य प्रशोधनका वस्तुहरू, कपालसम्बन्धी लोसन तथा तेलहरू ।

४. औद्योगिक रसायन तथा ग्रिज, चिप्ला पदार्थहरू, धुलो टिप्ने औजारहरू, भिजाउने तथा बाँध्ने संमिश्रणहरू, इन्धन (गाडीमा प्रयोग गरिने) र शक्तिशाली बिजुलीहरू, मैनबत्ती तथा प्रकाशसम्बन्धी वस्तुहरू ।

५. औषधी सम्बन्धी र पशु चिकित्सासँग सम्बन्धी तैयारी, स्वास्थ्यसँग सम्बन्धित उद्देश्यका लागि सरसफाई स्वास्थ्य प्रयोजनका लागि खानेपानीमा सावधानी, बच्चाहरूका लागि खाना, प्लाष्टर ड्रेसिङ गर्नका लागि चाहिने सामग्री, दाँत बिग्रनबाट बच्ने सामग्री, दाँत भर्ने वस्तुहरू, संक्रमणबाट सुरक्षा, घातक जंगली जनावरहरू, लेउ तथा झुसनाशक, अनावश्यक वनस्पति नासक औषधिहरू ।

६. सामान्य धातु अथवा तामा पित्तल धातु बचाउने सामग्रीहरू, धातुका निर्माण सामग्री, रेलको लाइन बनाउने धातुका सामग्री, सामान्य धातुका अविद्युतीय केवल तथा तारहरू, फलाम सामग्री धातुका कडा तथा साना सामानहरू, धातुका ट्युब तथा पाइपहरू, सेफहरू, विशेष धातुका नभई सामान्य धातुका सामानहरू ।

७. मेसिन तथा मेसिनका सामानहरू, मोटर तथा इन्जिनहरू (भूमि गाडीहरू बाहेक) मेसिन र ट्रान्समिसनका पार्टपुर्जाहरू, कृषि सम्बन्धी हाते औजारभन्दा मेसिन उत्पादित औजारहरू, अण्डा पकाउने भाँडाहरू ।

८. हाते औजार/सामग्रीहरू (हातले प्रयोग गर्न सक्ने) चक्कुका प्रकारहरू, उपअस्त्रहरू, रेजर्स ।

९. वैज्ञानिक, सामुद्रिक, सर्वेक्षण, फोटो ग्राफिक्स सिनेमा सम्बन्धी कला, दृष्यात्मक, वजन गर्नु, नाच्नु, तौलनु, जोख्नु संकेत निरीक्षण (सर्वेक्षण) जीवन रक्षा तथा शिक्षण तथा उपकरणहरू, सञ्चालन जीवनयापन, रूपान्तरण संयोजन, नियन्त्रण तथा नियन्त्रित विद्युत, ध्वनि तथा छविको पुनः उत्पादन

तथा संक्रमण, रिकर्डिङका औजार तथा उपकरणहरू, मुद्रा तथा सिक्काबाट सञ्चालित मेसिनहरू, नगद दर्ता, गणनीय मेसिनहरू, डाटा प्रक्रिया उपकरण तथा कम्प्युटरहरू, अग्निसामक संयन्त्रहरू ।

१०. सर्जिकल, मेडिकल, डेन्टल तथा पशुचिकित्सा सम्बन्धी उपकरणहरू, कृत्रिम अंगहरू, आँखा तथा दाँतहरू, अर्थोपोडिक औजारहरू, छालाका सामान निर्माण गर्ने सामग्री,

११. प्रकाश व्यवस्थाका लागि सामग्रीहरू, तताउने वस्तु, वाष्पीकरण, खाना पकाउनु, तरो ताजा पार्नु, सुकाउनु, हावाद्वारा निर्माण, जल आपूर्ति र सरसफाई सम्बन्धी क्रियाकलाप ।

१२. गाडीहरू, जल, जमीन र वायुका लागि चाहिने आवश्यक सामग्रीहरू ।

१३. अग्नि नियन्त्रक उपकरण, बन्दुकका गोलीहरू, हातहतियारहरू र अतिसबाजीका सामग्रीहरू

१४. अमूल्य धातु तथा त्यसका सरसामानहरू, गरगहनाहरू, अमूल्य ढुंगाहरू, प्रस्तरसम्बन्धी उपकरणहरू

१५. सांगीतिक उपकरणहरू

१६. कागज कार्डबोर्डका सामानहरू, अलिखित धातुबाट बनेका सामानहरू, छपाईसम्बन्धी सामग्रीहरू, किताबका जिल्दाका सामग्रीहरू, फोटोग्राफ्सहरू, किताब, कापी, कलम, पेन्सिलहरू, घरको काम र किताब यस्मा काम गर्ने लेसिला गमहरू कलाकारिताका सामानहरू, रंगाउने ब्रसहरू, फर्निचर बाहेकका टाइपराइटर अफिसमा प्रयोग गरिने वस्तुहरू, निर्देशनात्मक तथा शैक्षिक सामग्रीहरू, प्याकिङ गर्नका लागि प्लाष्टिकका सामानहरू, प्रिन्टर्स टाइप, छाप्ने साँचोहरू ।

१७. रबर, गम, गट्टा, पेच, चिस्याउने पदार्थहरू, सनमाइका तथा यससँग सम्बन्धित सामानहरू, प्याक गर्न, बन्द गर्न, खोपसम्बन्धी सामगीहरू, लचिलो पाइपहरू र धातुबाट नबनेका अन्य सामग्रीहरू

१८. छाला तथा छालाजस्तै लाग्ने रेक्जिन र यीसँग सम्बन्धित सामग्रीहरू, जनावरका छालाहरू, खुर, नङ, नङ्ग्राहरू, हात्ती अथवा अन्य जनावरका सुँढहरू भ्रमण गर्ने झोलाहरू, छाताहरू, घामबाट बचाउने रंगीन तथा हल्का छाताहरू र हिँड्ने छडी, कोर्रा, घोडाको गलामा लगाउने पट्टा र घोडाको ढाडमा बिच्छाउने गद्दा आदि ।

१९. निर्माण सामग्री (धातुको बाहेक) धातुबाट नबनेको भवन निर्माणका लागि बलिया पाइपहरू, बाटोको माथि पोत्ने, टाँसिने कालो पदार्थ, खाल्टो तथा बाटोको माथि पोत्ने अर्के खालको कालो पदार्थ, अधातु वस्तुबाट बनेका यताउता लान सकिने वस्तुहरू, ठूलाठूला चौतारा तथा सालिकहरू

२०. सजावटका सामानहरू, ऐनाहरू, चित्रका लागि फ्रेमहरू, काठका सामानहरू, कर्क, रीङ बेन, विकर, सिंग, हड्डी, खाग, पशुको नाक, ह्वेल माछाको हड्डी, माछा आदिको शरीरको छाला, गहना बनाउने धातु, मोतीजनक, एकको साटो अर्को वस्तुहरू प्लाष्टिक र यसबाट बनेका वस्तुहरू

२१. घरबार तथा भान्छाघरका भाँडाकुँडाहरू कन्टेनरहरू, काइँयो, स्पन्जहरू, ब्रसहरू (रंग्याउने ब्रस होइन) ब्रस बनाउने सामग्रीहरू, सफाइका सामानहरू, स्टिल ऊन, काम लाग्ने अथवा नलाग्ने ग्लास (सिसा) ग्लासवेयर, पर्सिलेन र अर्थवेयरहरू ।

२२. डोरी तथा रस्सीहरू, इजारका डोराहरू, जालाहरू, टेन्टहरू, सुतलीहरू, गाडीको सामान छेक्ने त्रिपालहरू, नौकाका सामानहरू, बोरा तथा झोलाहरू, रबर तथा प्लाष्टिकबाट बनेका आकार वृद्धि गर्ने र दाग हटाउने वस्तुहरू, सर्टिङ, सुटिङ्का लागि कच्चा पदार्थहरू ।

२३. कपडा उद्योगका लागि चाहिने धागो तथा बाक्ला सुताहरू ।

२४. कपडा उद्योग तथा यसलाई चाहिने सामग्रीहरू, ओछ्याउने तथा टेबलका कभर तथा तन्नाहरू ।

२५. लुगाफाटा, चप्पल, टोपी तथा ह्याटहरू ।

२६. लेस तथा कपडामा नक्कासी गर्ने सामग्री, रिवन तथा चुल्ठा बाँध्ने धागाहरू, टाँकहरू, अड्काउने हुक र आँखाहरू, पिन तथा सियो कृतिम फूलहरू ।

२७. कार्पेट, घुस्सा, चटाई, भुँइमा ओछ्याउने कभर तथा तन्नाहरू, भित्तामा झुण्ड्याउने कुारहरू ।

२८. खेल तथा खेलकूदका सामानहरू, जिम्न्याष्टिक तथा शारीरिक स्वास्थ्यका लागि सामग्रीहरू, यसैसँग यस्तै खाले वस्तुहरू, क्रिसमसको रूख सजाउने वस्तुहरू ।

२९. मासु, माछा, कुखुरा तथा खेल, मासुको किमा, संरक्षित सुकुटी, पकाएका फलफूल तथा तरकारी, जेली, जाम, चिनीमा पकाएका खाद्य पदार्थहरू, अण्डा, दूधबाट बनेका पदार्थहरू, खानलायक तेल तथा बोसोहरू ।

३०. कफी, चिया, कोका, चिनी, चामल, नसालु पदार्थहरू, कृत्रिम कफि, आँटा तथा तयारी वस्तुहरू, सेरेलेक, रोटी, पाउरोटी, चकलेट तथा कुकिजहरू, वरफ, आइसक्रिम, मह, पनिर, चिज, बिस्कुटहरू, पाउडर, नुन, तोरी, अदुवा, अजिनोमोटो, ससेजहरू, मसला आदि ।

३१. कृषि, पशुपालन, वन्यजन्य उत्पादन तथा अन्नपातहरू, सजीव जनावरहरू, ताजा फलफूल तथा साग, सब्जीहरू, बीऊ बीजनहरू, प्राकृतिक बोटविरूवा तथा फूलहरू, गाईवस्तुका लागि खानेकुराहरू, रक्सी बनाउने मचा ।

३२. वियर, जाँड, छ्याङ, नसालु पानी र अन्य साधारण पानी, फलफूलको पेयपदार्थ र जुस, सर्वत, सिरप र पेय पदार्थ बनाउनका लागि आवश्यक सामग्रीहरू

३३. मादक पेय पदार्थ (वियर वाहेक)

३४. सुर्ती, धूम्रपानका माध्यम, सलाईका बट्टाहरू

सेवाहरू

३५. विज्ञापन, व्यापार व्यवस्थापन, व्यापारिक प्रशासन, कार्यालय सञ्चालन

३६. बिमा, वित्तीय कारोबार, मौद्रिक कारोबार, घर घडेरीको कारोबार

३७. भवन निर्माण, मर्मत, किस्ताबन्दीसम्बन्धी सेवाहरू

३८. संचार तथा दूरसंचार कार्यक्रम

३९. यातायात, सामान प्याकिङ्ग तथा भण्डारण गर्ने, यात्रा प्रबन्ध

४०. सामग्रीको बुद्धिमानीपूर्वक प्रयोग

४१. शिक्षा, तालिम उपलब्ध गराउने, मनोरञ्जन, खेल तथा सांस्कृतिक क्रियाकलापहरू

४२. वैज्ञानिक तथा प्राविधिक सेवा तथा त्यस सम्बन्धी अनुसन्धानन र ढाँचा औद्योगिक विश्लेषण र शोध सेवा/कार्य, कम्प्युटर हार्डवेयर र सफ्टवेयरको डिजाइन तथा विकास, कानुनी सेवा

४३. खाना तथा पेय पदार्थ उपलब्ध गराउने सेवा, अस्थायी बसोबासको व्यवस्था

४४. स्वास्थ्य सेवा, पशु चिकित्सा सेवा, मानव तथा पशुका लागि स्वास्थ्य तथा सौन्दर्य, हेरचाह, कृषि, पशुपालन र वन्यजन्य सेवा

४५. व्यक्तिगत तथा समाजिक सेवा, व्यक्तिको आवश्यकता, सुरक्षा, आदिबाट अभिप्रेरित भएर व्यक्ति तथा सम्पत्तिको रक्षा ।

जनवरी २००६ मा ७३ वटा देशले उक्त नाइस सम्झौतामा समावेश भए । यी देशहरूले चिन्ह दर्ताको प्रयोजनका लागि नाइस सम्झौतालाई अवलम्बन तथा आत्मसात गरेका छन् ।

द्रष्टव्यः अझ बढी नवीन जानकारी चाहिएमा निम्न वेभसाइटहरू हेर्नुहोलाः

Urls: www.wipo.int/classification/fulltext/nice8/enmain.htm./www.wipo.int/Madrid/en/contact.htm/

## परिशिष्टांक IV

## मेड्रिड युनियनका सदस्य राष्ट्रहरू

(जनवरी २००६ को अभिलेख अनुसार)

अल्वानिया (ए एण्ड पी)
अल्जेरिया (ए)
एन्टीगुआ एण्ड बारबुडा (पी)
अरमेनिया (ए एण्ड पी)
अष्ट्रेलिया (पी)
अष्ट्रिया (ए एण्ड पी)
अजरवैजान (ए)
बहराइन (पी)
वेलरस (ए एण्ड पी)
बेल्जियम (ए एण्ड पी)
भुटान (ए एण्ड पी)
बोस्निया एण्ड हर्जगोभिना (ए)
बुल्गेरिया (ए एण्ड पी)
चीन (ए एण्ड पी)
क्रोएसिया (ए)
क्युवा (ए एण्ड पी)
साइप्रस (ए एण्ड पी)
चेक रिपब्लिक (ए एण्ड पी)
डेमोक्रेटिक पिपुल्स रिपब्लिक अफ कोरिया (ए एण्ड पी)
डेनमार्क (पी)
इजिप्ट (ए)
इष्टोनिया (पी)
युरोपियन समुदाय (पी)
फिन्ल्याण्ड (पी)
फ्रान्स (ए एण्ड पी)
जर्जिया (पी)
जर्मनी (ए एण्ड पी)
ग्रीस (पी)
हंगेरी (ए एण्ड पी)
आइसल्याण्ड (पी)
इरान (इसलामिक रिपब्लिक अफ) (ए एण्ड पी)
आयरल्याण्ड (पी)
इटली (ए एण्ड पी)
जापान (पी)
काजाकस्तान (ए)
केनिया (ए एण्ड पी)
किर्गिजस्तान (ए)
लाट्भिया (ए एण्ड पी)
लेसोथो (ए एण्ड पी)
लाइवेरिया (ए)
लिचेटेन्टीयन (ए एण्ड पी)
लिथुनिया (पी)
लक्जेम्बर्ग (ए एण्ड पी)
मोनाको (ए एण्ड पी)
मंगोलिया (ए एण्ड पी)
मोन्टेनेग्रो (ए एण्ड पी)
मोरक्को (ए एण्ड पी)
मोजाम्बिक (ए एण्ड पी)
नामिविया (ए एण्ड पी)
नेदरल्याण्डस (ए एण्ड पी)
नर्वे (पी)
पोल्याण्ड (ए एण्ड पी)
पोर्चुगल (ए एण्ड पी)
रिपब्लिक अफ कोरिया (पी)

रिपब्लिक अफ मोल्डोभा (ए एण्ड पी)
रोमानिया (ए एण्ड पी)
रसियन फेड्रेसन (ए एण्ड पी)
सानमारिनो (ए)
सर्विया (ए एण्ड पी)
सियरालोन (ए एण्ड पी)
सिंगापुर (पी)
स्लोभाकिया (ए एण्ड पी)
स्लोभेनिया (ए एण्ड पी)
स्पेन (ए एण्ड पी)
सुडान (ए)
स्विट्जरल्याण्ड (ए एण्ड पी)
स्विडन (पी)
स्विट्जरल्याण्ड (ए एण्ड पी)
सिरियन अरब रिपब्लिक (ए एण्ड पी)
टाजकिस्तान (ए)
द फरमर युगोस्लाभिया रिपब्लिक अफ मसेडोनिया (ए एण्ड पी)
टुर्की (पी)
टुर्किमेनिस्तान (पी)
युक्रेन (ए एण्ड पी)
युनाइटेड किङ्डम (पी)
युनाइटेड स्टेटस् आफ अमेरिका (पी)
उज्वेकिस्तान (ए)
भियतनाम (ए)
जाम्बिया (पी)

(ए) सम्झौतामा पार्टी (देश) हरूको नाम उल्लेख गर्ने
(पी) सन्धि पत्रमा पार्टी (देश) हरूको नाम उल्लेख गर्ने

बेल्जियम, लक्जम्वर्ग, नेदरल्याण्डहरूमा यो संरक्षण लागू हुने छैन। यिनीहरूले उक्त संस्थाहरूलाई व्यक्तिगत शुल्क तथा परिपूरक शुल्क बुझाउन सक्नेछन्।

द्रष्टव्य : नवीन तथा ताजा जानकारी चाहिएमा तलको वेभसाइट हेर्नुहोलाः
URL: www.wipo.int/madrid/en/members/

*This publication has been translated and reproduced with the permission of the World Intellectual Property Organization (WIPO), the owner of copyright, on the basis of the original English language version. The Secretariat of WIPO assumes no liability or responsibility with regard to the translation and transformation of the publication.*


बढी सूचना तथा जानकारी चाहिएमा:
विश्व बौद्धिक सम्पत्ति संगठन (World Intellectual Property Organization)

34, Chemin des Colombettes
P.O. Box 18
CH-1211 Geneva 20
Switzerland

टेलिफोन
+ ४१ २२ ३३८ ९१ ११
फ्याक्स
+ ४१ २२ ७३३ ५४ २८
इमेल: wipo.mail@wipo.int

सम्पर्क ठेगाना नेपाल:
उद्योग विभाग
औद्योगिक सम्पत्ति शाखा
त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।
फोन नं. ९७७-१-४२६११०१, ४२६११६८, ४२६११६९
फ्याक्स : ९७७-१-४२६१११२
इमेल: ip.section@doind.gov.np
वेभ साइट : www.doind.gov.np

न्यूयोर्क समन्वय कार्यालयको ठेगाना:
ठेगाना: ठेगाना:
2, United Nations Plaza
Suite 2525
New York, N.Y. 10017
United States of America

टेलिफोन
+ १ २१२ ९६३ ६८१३
फ्याक्स
+ १ २१२ ९६३ ४८०१
इमेल:
wipo@un.org

यसको SMEs शाखाबाट पनि ताजा
जानकारी लिन सकिन्छ ।
34, Chemin des Colombettes
P.O. Box 18
CH-1211Geneva 20
Switzerland

फ्याक्स
+ ४१ २२ ३३८ ८७ ६०
इमेल
sme@wipo.int
वेभसाइट
www.wipo.int/sme


WIPO को वेभसाइट हेर्नुहोला
www.wipo.int
WIPO को विद्युतीय पुस्तक पसलबाट यससँग सम्बन्धित किताबहरू मगाउन सक्नुहुन्छ
www.wipo.int/ebookshop


*Translation and printing of this material is financed under the WIPO Japan Fund-In-Trust.*

WIPO को प्रकाशन नम्बर : ९०० NP (नेपाली)
मे २००६

*ISBN : 978-92-805-1887-0*